# केही श्रम गीतहरुको वर्गीकरण तथा विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय

अन्तर्गत

नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको

नेपाली विषयको दसौँ पत्रको ५० पूर्णाङ्कको

लोक साहित्य प्रयोजनका

लागि प्रस्तुत

**अध्ययन पत्र**

**शोधकर्ता**

भोजराज काफ्ले

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

२०६८

# कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो । मैले यो अध्ययनपत्र मेरा अध्ययन पत्र निर्देशक आदरणीय गुरु लेखराज खतिवडाको कुशल सुझाव तथा सल्लाहका साथै लोक साहित्यसम्बन्धी सामग्रीहरु प्राप्त नभएका भए मेरो अध्ययनकार्यले पूर्णता पाउने थिएन होला अतः आफूले यस अध्ययनपत्रमा पाएको सल्लाह र सहयोगका निम्ति श्रेद्धय गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मलाई लोक साहित्यको लोकप्रिय विधा लोकगीत सम्बन्धी अध्ययन तयार गर्न हौसला प्रदान गर्नुहुने आदरणीय गुरुहरु प्रति म ज्यादै ऋणी छु । मलाई **'केही श्रमगीत सम्बन्धी लोकगीतहरुको अध्ययन'** शीर्षकमा नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख **डा.देवीप्रसाद गौतम** प्रति विनम्र कृतज्ञता प्रकट गर्दछु ।

अध्ययन पत्र पूरा गर्न प्रेरित गर्ने र निरन्तर रुपमा सर-सल्लाह प्रदान गरी सहयोग गर्नुहुने दाई नरेन्द्र काफ्लेप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु । अध्ययनपत्र लेखनका क्रममा श्रमगीत सङ्कलनदेखि लिएर विभिन्न किसिमले उत्साहजनक सहयोग पुऱ्याउने मेरी धर्मपत्नी सीता नेपाल, छोरा जेभिस काफ्ले, पिता/माता लक्ष्मीप्रसाद /तुलसा काफ्लेलाई धन्यवाद दिन चाहन्छु ।

यस अध्ययन पत्रको टङ्कन गरी विशेष सहयोग पुऱ्याउने मित्र संजीव कार्कीप्रति मुरीमुरी धन्यवाद प्रकट गर्दछु ।

अन्तमा यो अध्ययनपत्र आवश्यक मूल्याङ्कन निम्ति त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६८/ /

भोजराज काफ्ले
समूह २०६१-०६२
रोल नं. ५७
नेपाली केन्द्रीय विभाग
त्रि.वि. किर्तिपुर

# परिच्छेद एक

## १.१ विषय परिचय

लोक भन्नाले समाज, राष्ट्र, मुलुक र गीत भन्नाले मानिसका दुःख वा खुसीका समयमा गुनगुनाइने वा गाइने गाना सरल र भावनात्मक स्वर भन्ने बुझिन्छ । अर्को शब्दमा भन्दा जनसमाजका बीच आफ्ना दुःख-सुखका वेदना, अनुभूति, भोगाइहरुलाई आफ्नो आवाजद्वारा लयात्मक रुप र भावनामा सहज रुपमा प्रस्तुत गर्ने विधा नै लोकगीत हो ।

प्राचीनकालदेखि ऋषिमुनिहरुले वेद, उपनिषद् आदिका मन्त्रोच्चारण गर्दा शिष्यहरुलाई लयात्मक तरिकाबाट वाचन गर्दा लोकलयको मृदु छनकको विकास हुँदै आजको अवस्थामा सरल, सुललित ढङ्गबाट लोकगीतको विकास भएको अवस्था छ । यसरी हेर्दा लोकगीतको प्राचीन परम्परा हो भन्न सकिन्छ । लोकगीतलाई वेदभन्दा पनि पूर्ववर्ती समयमा भएको हो भन्न सकिन्छ ।

लोकगीतलाई स्थान विशेषले धेरै नै प्रभाव पारेको हुन्छ । अर्थात लोकगीत ठाउँ अनुसार मौलाउने गर्छ । नेपाल पहाडी मुलक त्यसमा पनि विभिन्न जातजातीहरुको सङ्गम स्थल हो । लोकगीतको खानी भनेको यो देशका गाउँघर हुन् । नेपाल एउटा कृषिप्रधान देश भएको हुनाले यहाँ धेरै श्रमका गीतहरु रहेका छन् । धान रोप्दा, गोड्दा, दाइँ गर्दा, धर्म, संस्कृति, चाडपर्वसम्बन्धी झ्याउरे, प्रेम प्रणयसम्बन्धी, मेला सम्बन्धी लोकगीतहरु मुख्य रुपमा छन् ।

श्रमगीत सम्बन्धी लोकगीतहरुको खोजी धेरै भएका छन् र पनि यिनीहरुको अध्ययन गर्नु अहिलेको टड्कारो आवश्यकता हो ।

## १.२ समस्या कथन

लोक साहित्य भित्रको प्रमुख विधाको रुपमा चिनिने लोकगीतको अध्ययन निकै भएको पाइन्छ । नेपाली लोकगीतको अध्ययन धेरै भएता पनि कृषिप्रधान नेपालका गाउँका श्रमिकहरुले गाउने श्रम सम्बन्धी लोकगीतहरुको सूक्ष्म विश्लेषण गर्नु आवश्यक छ । यो अध्ययन पत्रमा निम्न लिखित समस्यामा केन्द्रीत रहेको छः

क) नेपालका गाउँमा के कस्ता श्रम सम्बन्धी लोकगीत पाइन्छन्?

ख) श्रमगीतहरुले के-कस्तो महत्त्व राख्दछन्?

## १.३ अध्ययनको उद्देश्य

माथिको समस्याहरुमा केन्द्रीत रहेर नेपालका गाउँघरमा प्रचलित श्रमगीतहरुको सङ्कलन एवम् विश्लेषण गर्नु नै यस अध्ययन कार्यको मुख्य उद्देश्य हो । यसका ती उद्देश्यहरु यी हुन्:

क) नेपालमा उपलब्ध श्रम सम्बन्धी लोकगीतहरुको सङ्कलन र विश्लेषण गर्नु ।

ख) श्रमगीत सम्बन्धी लोकगीतको महत्त्व दर्शाउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाल एक बहुजातीय बहु भाषिक, बहुसांस्कृतिक मुलुक हो । यहाँका गाउँघरमा धेरै लोकगीतहरु रहेका छन् । धेरै मात्रमा लोकगीत सम्बन्धी अध्ययन, अनुसन्धान तथा सामाग्री प्रकाशीत भएका छन् । तापनि नेपालका अझै पनि विभिन्न जातजातिका लोकभाकाहरुलाई लिपिवद्ध गर्न सकिएको छैन । श्रम, चाडपर्व, धार्मिक, बालबालिका, बाह्रमासे सम्बन्धी लोकगीतहरुको अझ सम्म पनि अध्ययन अनुसन्धान कार्य भने तिव्र रुपमा अघि बढेको हुँदा सो क्षेत्रमा भएका महत्वपूर्ण अध्ययन र विचारहरुलाई निम्न अनुसार प्रस्तुत गरिएका छन् ।

नेपाली लोकगीतले नेपाली लोक साहित्यमा विशेष ठाउँ ओगटेको हुँदा नेपाली लोक साहित्यको अध्ययन परम्पराको चर्चा गर्दा विद्वानहरुले गरेका कतिपय कुराहरु दोहरिन सक्छन् र पनि नेपाली लोकगीतलाई संक्षिप्त रेखांकन गर्ने प्रयास गरेको छु । नेपालमा लोकगीतको सङ्कलन तथा प्रकाशन गर्न थालेको एक शताब्दी भयो होला विश्वराज हरिहर शर्मा, कमल दीक्षित, सत्यमोहन जोशी आदि शोधकर्ताहरुले लोकगीतबारे अध्ययन, अनुसन्धान तथा पुस्तक प्रकाशित गरेता पनि नेपाली लोकगीतको अध्ययनका क्षेत्रमा अहिले सम्मको सबभन्दा महत्वपूर्ण ग्रन्थ हो- कृष्ण प्रसाद पराजुलीको नेपाली '**लोक साहित्यको आलोक**' (२०५७) । यस पुस्तकमा पराजुलीले लोकगीत नदीनालाको प्रवाह हो जुन गाउँघरका पाखापखेराका गर्भबाट उच्चारित हुने गर्दछ तर यसले गाउँघर, समाजलाई मात्र गतिशिलता दिने गर्छ भनेका छन् ।

धर्मराज थापा र हंसपुरे सुवेदीले '**नेपाली लोक साहित्यको विवेचना (२०४१)**' नामक कृतिमा लोक गीत भनेको मानव समूदायहरुको हृदयगत प्राकृत तथा अनुभूति भावनाहरुको तिब्रतम अनुभूति हो, जुन साँचो, तिख्खर र लय प्रधान हुन्छ भन्ने कुरा व्यक्त गर्दै नेपली लोकगीतलाई सात प्रकारमा विभाजित गरेका छन् ।

चुडामणि बन्धुले नेपाली लोक साहित्य (२०५८) भन्ने आफ्नो पुस्तकमा भाषा नबुझिए पनि लोकगीतहरुले मानिसलाई प्रभावित पार्ने बताएका छन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले **लोकवार्ता विज्ञान र लोक साहित्य** (२०६३) भन्ने आफ्नो पुस्तकमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचना लोकगीत हुन्छन् भनी बताएका छन् ।

तुलसीमान श्रेष्ठले आफ्नो कृति **'झ्याउरे गीतको बनोट र 'भेद**' (२०६०) नामक पुस्तकमा लोकगीतको वर्गीकरण गरेका छन् भने उनले आफ्नै **'कौरा नृत्यको विश्लेषण'** (२०६१) भन्ने कृतिमा कौरा नृत्यको परिचय र गीतको चर्चा गरेका छन् ।

नेपाली लोकगीतको अध्ययन अनुसन्धानका क्रममा प्रकाशित भएका अन्य कृतिहरुमा आर.डी र एल.एल.को **'नेपालका विभिन्न जाति र तिनका लोकगीत'** (२०६३), हरिहरराज जोशीको **'सँगिनी'** (२०२८), कालीभक्त पन्तको **'हाम्रो सांस्कृतिक इतिहास'** (२०२८), प्रदिप रिमालको **'कर्णाली लोक संस्कृतिः** खण्ड ५ (२०२८), धर्मराज थापाको **'गण्डकीको सुसेली'** (२०३०), सावित्री मल्लको **'पाल्पाको लोकगीत अध्ययन र विश्लेषण** (२०५२), काजीमान कन्दङ्वा र विपिनदेव ढुङ्गेलको **'नानीका गीत'** (२०६३), धर्मराज थापा र हंसपुरे सुवेदीको **'नेपाली लोक साहित्यको विवेचना'** (२०४१), टङ्क के.सी.को **'हाम्रो लोकगीत र सङ्गित तथा लोकसङ्गीतका थुँङ्गाहरु'** (२०५३) कृष्णप्रसाद पराजुलीको **'नेपाली लोक साहित्यको आलोक'** (२०५७) साथै लोकगीतको अनुसन्धानमा नेपाल प्रज्ञाप्रतिष्ठान, नेपाल सरकार संस्कृति विभाग, रेडियो नेपाल, नेपाल टेलिभिजनजस्ता संस्थाहरुबाट भएका अनुसन्धान साथै त्रि.वि नेपाली विभाग अन्तर्गतका एम.ए नेपालीका लोकगीतको सम्बन्धी गरिएका शोधपत्रहरुले लोकगीतको अध्ययनलाई अझ फराकिलो बनाएका छन् ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

श्रमगीतहरु किसान, मजदुर, रोपहार, दयँरे, बाउँसे, घाँसेहरुको दुःख बिसाउने माध्यम हो । नेपालभर नेपाली खेत, कान्ला, वन जङ्गल मेलापात जाँदा गाइएका लोकगीतहरुको अध्ययन गर्न खोजिएको छ । नेपालमा श्रमसम्बन्धी लोकगीतहरुको सङ्कलन, अध्ययन र वर्गीकरण गरिए तापनि श्रमसम्बन्धी लोकगीतको अध्ययन र विश्लेषण गर्नु अति नै महत्त्वपूर्ण भएको छ । यसका साथै अबको पुस्ताले श्रम सम्बन्धी लोकगीत अध्ययन गर्न सहज हुने र खेतबारी, वनजङ्गल, घाँस काट्न जाँदा आफ्ना अग्रजहरुले श्रम गर्दा गीत गाएका थिए र हामीले पनि यस्तो गीतको संरक्षण गर्नुपर्छ भन्ने शिक्षा प्राप्त गर्नुपर्ने हुनाले यो अध्ययन तथा विश्लेषण उपयोगी सिद्ध भएको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

लोकगीत नेपालका कुनाकाप्चामा बस्ने नेपालीहरुको जन जिब्रोमा झुन्डिरहेका छन् । नेपालमा विभिन्न भाषा-भाषीहरुका विभिन्न संस्कृति, संस्कार, धर्म झल्काउने

लोकगीतहरु प्रचलनमा छन् । तर एउटा सानो अध्ययन कार्यमा समग्र नेपालका प्रचलित लोकगीतको अध्ययन गर्न असम्भव हुने हुँदा यस अध्ययनमा केही प्रचलित श्रम सम्बन्धी लोकगीतहरुको सङ्कलन र विश्लेषण गर्नु प्रस्तुत अध्ययनको सीमा रहेको छ ।

## १.७ शोध विधि

शेधविधि अन्तर्गत सामग्री सङ्कलन र विश्लेषण विधि वा ढाँचा पर्दछन् ।

### १.८.१ सामग्री सङ्कलन

प्रस्तुत अध्ययन पत्रलाई पूरा गर्नका लागि आवश्यक पर्ने सामग्रीका रुपमा केही श्रम सम्बन्धी लोकगीतहरुलाई विभिन्न विद्वानहरुले पुस्तकका रुपमा सङ्कलन गरेका सङ्ग्रहबाट लिइएको छ । यहाँ कुनैपनि श्रममा सम्बन्धी लोकगीतहरुको सङ्कलन क्षेत्रीय कार्यबाट गरिएको छैन् । सबै पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### १.८.२ विश्लेषण विधि

यस अध्ययन पत्रको तयारीको क्रममा सङ्कलित श्रमसम्बन्धी लोकगीतहरुलाई लोकगीतकै तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.९ अध्ययनपत्रको रुपरेखा

यस अध्ययन पत्रको रुपरेखा निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | - | अध्ययन पत्रको परिचय । |
| दोस्रो परिच्छेद | - | लोकगीतको सैद्धान्तिक परिचय । |
| तेस्रो परिच्छेद | - | सङ्कलित श्रम सम्बन्धी लोकगीतको वर्गीकरण र तिनको विश्लेषण । |
| चौथो परिच्छेद | - | सारांश र निष्कर्ष । |

सन्दर्भ सूची

# परिच्छेद दुई

# लोकगीतको सैद्धान्तिक परिचय

## २.१ पृष्ठभूमि

लोक साहित्यका अन्य विधाहरुभन्दा लोकगीत जनप्रिय तथा महत्वपूर्ण विधा हो । लोक वा मुलुकमा जे जति लोककथा, लोककविता, लोकनाटक, लोकगाथा, गाउँखाने कथा, उखान र टुक्का रहेका छन् । ती मध्ये लोकगीतले अन्य विधाहरुलाई धेरै उछिनेको छ र हरेक व्यक्ति, समूह र उमेरका मान्छेको जिब्रोमा रहन सफल विधा हो । लोकगीत स्वतः स्फूर्त रुपले हुर्किएको मौखिक परम्पराबाट हुर्किएको अलिखित रुपमा नै हस्तान्तरण हुँदै आएको पाइन्छ । लोक साहित्य लोक जीवनले भोगेको दुःख सुख, हर्ष-आँसु तथा लोकमा रहनसहन, व्यवहार, चालचलन व्यक्त भएको पाइन्छ । कालीभक्त पन्तले आफ्नो पुस्तक **"हाम्रो सांस्कृतिक इतिहास"** (२०२८) मा भनेका छन्: लोक साहित्य त्यो हो- जसका रङढङको व्याख्या र नियन्त्रण तथा बन्धन कुनै पुस्तकले नगरेको होस् र आफ्ना पनाका हाँस्य, व्यङ्ग्य, शब्द, वाक्य र उक्तिहरुले युक्त होस् । लोक साहित्य लिखित साहित्यभन्दा पुरानो मानिन्छ । तुलसीमान श्रेष्ठका अनुसार **"लोकजीवनलाई सरस र सरल ढङ्गले यथार्थ र जिउँदो रुपमा निर्देशन गर्न सक्ने भाषा र भावना निर्मित मानव हृदयबाट निस्केर प्राचीन कालदेखि जनजिब्रोमा सल्बलाउँदै आएको मीठो र आकर्षण मौखिक साहित्य हो र यसले नेपाली जनजीवनलाई प्रभावित पारेको छ"** (श्रेष्ठ २०६०)

लोक साहित्यको महत्वपूर्ण र चर्चित विधा लोकगीत हो । लोक साहित्यको परिचय विना लोकगीतको परिचय दिन मुस्किल हुन्छ । सिङ्गो लोक नै लोकगीतको पृष्ठभुमिका रुपमा हुन्छ । त्यसैले यहाँ लोकगीतको परिचय दिई विश्लेषण गर्ने काम भएको छ ।

## २.२ लोकगीतको परिभाषा

लोकजीवनमा गाइएका गीतहरुहरु नै लोकगीत हुन् । लोकगीतलाई परिभाषित गर्न सहज छैन । लोकगीत 'लोक' र 'गीत' दुई शब्दको संयोजनबाट बनेको छ । अङ्ग्रजी शब्द Folk song (फोक सङ) को पर्यायवाचीको रुपमा 'लोक' र 'गीत' को संयोजनमा बनेको छ लोकगीत । अपरिचित जनसमुदायद्वारा सङ्गीत संयोजन गरिएको

मौखिकरुपले एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने रचनालाई लोकगीत भनिन्छ । (न्यु कोलम्बिया इन्साइक्लोपिडिया)

राजेन्द्रप्रसाद पौड्यालको 'कमला खोंचका लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण' (२०४३) मा "कुनै पनि लोकगीत भनेको मानवीय जीवनका भोगाइ सशक्त अभिव्यक्ति भएर आउँछन्" भन्ने उल्लेख भएको छ ।

प्रा. मोहनराज शर्मा र डा.खगेन्द्रप्रसाद लुइँटेलको **'लोकवार्ता विज्ञान र लोक साहित्य'** (२०६३) मा उल्लेख भए अनुसार लोकगीतको परिभाषा यस्तो छः "लोकभावना वा विचारको मौखिक एवं श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ ।

"लोकगीत न त नयाँ हुन्छ न त पुरानो हुन्छ त्यो त जङ्गलको एउटा रुख जस्तै हो जसका जराहरु भूतकालमा गहिराइमा धसिएका छन् जसमा निरन्तर नयाँनयाँ पात र फलहरु उत्पन्न हुन्छन् ।" भनी चुडामणि बन्धुको आफ्नो पुस्तक **नेपाली लोक साहित्य** (२०५०) मा अङ्ग्रेजी साहित्यकार राल्फ भी विलियम्सको भनाई उल्लेख गरेका छन् ।

कृष्णप्रसाद पराजुलीको **'नेपाली लोकगीतको आलोक** (२०५७-पृ ७०) मा उल्लेख भएअनुसार' धर्तीका काखमा सुख-दुःख भोग्दैं रमाएका असङ्ख्य जनताका हृदयमा कलकलाउने र तिनका सुरिलो भाकामा सलबलाउने अविछिन्न तथा सहज गीति प्रवाह नै हो लोकगीत' भनी परिभाषित गरेका छन् ।

बेनी जङ्गम रावलको **'सन्दर्भ लोकगीत**-(२०६३) नामक पुस्तकमा लोकगीतको परिभाषा यस्तो छः 'लोकगीत लोकको गीत हो, जनसाधारणमै हुर्की, बढी परिपक्क भई सिर्जित भएको रचना हो । विभिन्न स्थान र अवसरमा आफ्नो संस्कृति र आवश्यकता अनुसार गाइने गीतहरुलाई लोकगीत भनिन्छ ।

लक्ष्मण लोहनीको **'रोदीघर'** (२०१३) मा उल्लेख भए अनुसार 'लोकगीत भावुक हृदयको स्पन्दनशील, लयदार, कवितामय सामायिक ध्वनि हो, जीवनको कटुता र खल्लोपनमा मनोहारिताको मलम लगाउने स्फूर्त झन्कार हो ।'

काजीमान कन्दङ्बाको **'नेपाली जनसाहित्य** (२०२०) मा जनगीत अवसर नपाउने नेपालीहरुको साहित्य हो । गोठदेखि लिएर लेकसम्म गाउँवस्तीका पेटबाट कुल्ली, खलामी, मेलापात, विवाह आदिमा गाइने आडम्बररहित सुरिलो भाका नेपाली लोक गीत हो । ' भनी लोकगीतलाई परिभाषित गरेका छन् ।

हिन्दी लोक साहित्यविद् देवेन्द्र सत्यार्थीले **'विशाल भारत' भाग १४ अङ्क ५ को लेख सङ्गीतमय नेपाल** (सन् १९५३) मा "नेपाली लोकगीतमा नेपालको दैनिक

जीवन आफ्नो वास्तविक छायाँ तथा प्रकाशन चित्रित भएको छ । जनसाधारणसित हामी कैयौं पटक मिसिइसकेका छौं भन्ने प्रतीत हुन्छ । उनीहरु पनि हामीजस्तै जीवनका उकालीओरालीमा परेका छन् । अनि तिनै ठाउँ उनीहरुको हँसाइ र श्वासले स्पर्श गर्छन् । सोही ठाउँमा उनीहरुको दुःख-सुख दोहोरिन्छ । पछि त्यही उनीहरुको आशा र निराशाको भेट हुन्छ । हामी पनि उनीहरुसित मोहित नभइ छोड्दैनौं ।"

धर्मराज थापाले आफ्नो पुस्तक **'मेरो नेपाल भ्रमण'** (२०१६) मा "मानवसिर्जनाको पहिलो प्रस्फुटन लोकगीत नै हो, यसले चोखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ ।"

प्रदिप रिमालको **कर्णाली लोकसंस्कृति खण्ड** (२०२८) मा "लोकगीतको भाका र भाषाले जातीय परम्परालाई चिनाएर राष्ट्रिय एकताको गाँठो कस्ने काममा ठूलो मद्दत पुऱ्याउन सक्छन् ।"

कालीभक्त पन्तको **'हाम्रो सांस्कृतिक इतिहास'** (२०४३) मा कसैको बक्सिस, लोभ, आशा र स्वार्थमा नपरेका नरनारीहरुको दुःखित, पिडित, आक्रान्त, उद्विग्न, सम्भ्रान्तत्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त, वियुक्त, अनादरित र आदरित समेत जोकोइ जाति, व्यक्ति र लिङ्ग, समाज र उमेरका मानिसले कुनै पुस्तकी वन्धनले बद्ध नभएर बनाएको जो गीत हो, त्यही नै लोकगीत हो ।'

लोकगीतलाई चिनाउने क्रममा डा. नरेन्द्र चापागाइँले **'नेपाली शब्दभण्डार'** (२०६४) मा "जनमानसमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत" भनी परिभाषित गरेका छन् ।

प्राध्यापक वासुदेव त्रिपाठीले **'नेपाली लोकगीतको आलोक'** (२०२७) नामक पुस्तकमा लोकगीतको परिभाषा यस्तो छः "लोकगीतको परिभाषा मर्मिक भाव तथा सङ्कलित चेतनाको उपज हो । लोकगीत नै हाम्रो काव्यपरम्परा प्रारुप पनि हो ।"

**'वृहत् नेपाली शब्दकोश'** (२०४०) मा लोकगीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत भनी बताएको छ ।

लीलासिंह कर्माको **'हाम्रो लोक साहित्य'** (२०२३) मा "लोकगीत जीवनको हरेक क्षेत्रमा निकट मात्र नरहेर स्पर्शमा नै आइरहेको हुन्छ ।" भन्ने उल्लेख गरेका छन् ।

चुडामणि बन्धुको **'नेपाली लोक साहित्य'** (२०५०) मा "लोकगीतको भनेको लोकजीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरुको चित्रण हुन्छ ।" उल्लेख गरेका छन् ।

लोकगीत सहजरुपमा गाइने हुनाले नाट्यसम्राट बालकृष्ण समले लोकगीतलाई आफू गीत भनेका छन् । उनका अनुसार, “हामी जुन गीत रच्छौं त्यसको एक हरफ सधैं स्वर्गलोकसँग सम्बन्ध राख्छ, एक हरफ आकाशमाथि उड्दछ भने अर्को हरफ पातालतिर घुम्दछ । हरफहरफमा उँचनिच छ त्यसैमा सुन्दरता पनि । यही नै हाम्रो लोकगीतको आफ्नो परम्परा हो ।

यसरी विभिन्न परिभाषालाई हेर्दा लोकगीत प्राचीन कालदेखि नै अलिखित रुपमा श्रुति परम्पराबाटै पुस्तान्तरित हुदैं आएको पाइन्छ । साच्चैं भन्ने हो भने लोकगीत लोक कै गीत हो । गाउँ, नगरका भावभूमिबारे स्पष्ट चित्रण भएको मानवीय संवेदनाको निकट रहेको हरेक अवसरहरु अनि लिङ्ग, जाति र व्यक्ति हुदैं राष्ट्रकै साझा लयदार साङ्गीतिक चिनारी गीत हो, हाम्रो लोक गीत ।

समग्रमाभन्दा नेपाली लोकगीतहरु नेपाली लोकजीवनकै हाँसो, आँसु, पीडा व्यथाआदि अनुभव र अनुभूतिका अभिव्यक्ति हुन् । यी लोक जीवनकै सर्वसाधारण जनताहरुका गीत हुन् । भीर, पहरा र लहराहरुमा लहरिँदै घाँस काट्नेहरुका गीत हुन्, दाउरा चिर्नेहरुका गीत हुन, सुस्केरा हुन्, नेपाली चेली र बुहारीका बिलौना हुन्, परदेशी लाहुरे र दरबारहरुका वेदना हुन् र घरमा तिनका पत्नीहरुले बाटोभरि आँखा बिछ्याउँदै पर्खिदाँका पट्याइँका अभिव्यक्ति हुन्, बुढा बाबा आमा, साना साना नानी सम्पूर्णका व्यथा र पीडाका अभिव्यक्ति हुन् । कोमल पदरचना, सुमधुर लय, चोखो भाव आदि लोकगीतका प्रमुख विशेषता हुन् । लोक साहित्य सबभन्दा पुरानो साहित्य तथा सरल र सरस साहित्य भएकाले सम्पूर्ण साहित्यकै मूल स्रोत मानिन्छ ।

## २.३ लोकगीतको स्वरुप

लोकगीतका परिभाषाहरुलाई हेर्दा यसका स्वरुप पनि दर्साएको पाइन्छ । ती यस प्रकारका छन् ।

क) लोकगीत कुनै **भाव वा विचारमा आधारित** हुन्छ । यस्तो भाव वा विचार लोकभावनामा अडिएको सामूहिक भोगाइ र सोचाइको साभा अभिव्यञ्जना हुन्छ ।

ख) यो **मौखिक वा श्रुतिपरम्पराबाट** संप्रसारित हुन्छ । यसको लिखित स्वरुप नभई मुखैमुख भन्ने र कानैकान सुन्ने प्रचलन रहेको छ ।

ग) यो **हस्तान्तरणीय** हुन्छ । यो प्राचीन कालदेखि अहिलेसम्म एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको छ ।

घ) यो **लयात्मक र गेय** हुन्छ । यसमा शब्दहरुको ध्वनिगत आरोहअवरोहको मिठासपूर्ण संयोजन गर लय उत्पन्न गरिन्छ भने यसको गेयता सङ्गीतमा आधारित हुन्छ ।

ङ) यो **अवैयक्तिक** र यसको माध्यम **भाषा** हुन्छ । यसमा रचनाकार अज्ञात रहने हुँदा यो पुरै समुदायको सिर्जना बन्धु तथा अभाषिक माध्यमबाट यसले मूर्त रुप नपाउने हुँदा यो अनिवार्यतः भाषिक अभिव्यक्ति हो । भाषा परिवर्तनशील भएकाले यसको पाठमा पनि भाषिक परिवर्तन भइरहन्छ । स्थानका आधारमा पनि भाषामा परिवर्तन आउने हुँदा यस्तो परिवर्तन यसमा पनि देखापर्छ ।

च) यो गीतको **लघु संरचना** हो । यो प्रबन्धात्मक नभई मुक्तकाकारको हुन्छ ।

छ) यो एउटा **संरचना** हो । यसको सङ्गठन केही घटक वा अवयवबाट भएको हुन्छ । मुख्यतः आदि, मध्य र अन्त्य भाग वा अवयवबाट यसको रचना हुने हुँदा यसलाई संरचना भनिएको हो ।

## २.४ लोकगीतको विशेषता

लोक गीत रागात्मक हुन्छ । लोकगीत लोक साहित्यको प्रमुख विधा हो । लोक साहित्यको विशेषता भनेकै लोकगीतका विशेषता हुन् । जसलाई निम्नानुसार बुँदाहरुमा चिनाउन सकिन्छ ।

### २.४.१ मौखिक वा श्रुतिपरम्परा

लोक साहित्य र अझै नेपाली लोक साहित्यको यो प्रमुख विधा लोकगीत पनि मौखिक वा श्रुतिपरम्परामै चल्दै आएको छ । मौखिक रुपमै एक व्यक्तिबाट अर्को व्यक्ति, उक स्थानबाट अर्को स्थान र एक पिँढीबाट अर्को पिँढी र एक व्यक्तिबाट अर्कोले सुन्दै सुनाइँदै जीवित हुने लोक साहित्यको यो विधा लोकगीतको प्रमुख विशेषता पनि मौखिक वा श्रुतिपरम्परा हुनु नै हो । आज आएर केही लोकगीतका लेखक, संकलक र गायकले ती गीतसमेत आफ्नै नाममा लेख्न, संकलन गर्न र गएर विज्ञापन गर्न थालेको भए पनि यसको मूल विशेषता मौखिक वा श्रुतिपरम्परा हो ।

### २.४.२ सामूहिकता

लोकगीतको निर्माण तथा विकास व्यक्ति विशेषबाट नभई लोकसमूहबाट गरिन्छ र यसमा सामूहिक भाव वा विचार तथा सामाजिक मूल्य एवं मान्यताको अभिव्यक्ति हुन्छ । यो वैयक्तिक नभएर अवैयक्तिक वा समूहगत हुनु यसको खास विशेषता हो ।

### २.४.३ परिवर्तनशीलता

मानवको सृष्टिदेखि नै वा अनादिकालदेखि नै लोकगीत गाइदैं, भनिदैं, सुनिदैं वा एक मुखबाट अर्को मुख, एक कानबाट अर्को कान हुँदै आइरहेको छ । तर प्रारम्भिक अवस्थाका लोकगीतको अस्तित्व वर्तमानमा प्रायः लोप भइसकेको छ । यसरी अनादिकालदेखि अनन्तकासम्म लोकगीतहरु सिर्जिदैं र गाइँदै जान्छन् तर तिनीहरु कुन समय वा अवस्थाका हुन् भन्न कठीन छ किनभने यो एक परिवर्तनशील विधा हो । युग र अवस्थाअनुसार यसले आफ्नो रुप र स्वर परिवर्तन गर्दै अगाडि बढेको छ ।

### २.४.४ सरल र सहज

लोकगीतमा कुनै प्रकारको कृत्रिमता नभई नैसर्गिता हुन्छ । यो साहित्यक अलङ्कारको बोझिलोपनबाट पनि टाढा रहन्छ । यसमा जटिलता, असहजता र अस्वाभाविकताले कुनै ठाउँ पाएको हुँदैन । यसमा मानव सभ्यता-संस्कृतिले सरलतम, प्रयासहीन र सजावटरहित अभिव्यक्ति पाएको हुन्छ ।

२.४.५ लयात्मक र सङ्गीतात्मकलाई लोकगीतको अनिवार्य पहिचान मानिन्छ । यसको लयविधान, सङ्गीतात्मकता र गायन शास्त्रीय परिपाटीको नभई स्वच्छन्द प्रकारको हुन्छ । एकलै, दोक्लै वा समूहमा गाउन नसकिने लोकरचनालाई लोकगीतको संज्ञा दिइँदैन । यो श्रुतिमधुर हुन्छ । लोकगीतले सङ्गीतको समुचित प्रयोग गर्छ । कतिपय लोकगीतमा निरर्थक शब्दको समेत प्रयोग हुने हुँदा साङ्गीतिक धुनको प्रधानता रहन्छ । यसलाई बाँसुरी, मादल आदि विभिन्न वाद्ययन्त्रहरुको प्रयोगबाट सङ्गीतपूर्ण बनाइन्छ । यसमा गीत र सङ्गीत सघन रुपमा बाँधिएर रहने हुँदा तिनको विभाजन अत्यन्त कठीन हुन्छ ।

### २.४.६ रचनाकार र रचनाकाल अज्ञात

लोकगीत कसले र कहिले रचेको हो भन्ने जानकारी पाइँदैन । प्राचीन कालदेखि नै परम्परागत रुपमा चलेर आउने हुँदा यसको सामाजिकीकरण भई तिथिमिति तथा रचनाकारबारे जानकारी उपलब्ध नभएको हो । यो जातिविशेषको लोक भाषामा संरचित हुन्छ ।

### २.४.७ स्थायीको पुनरावृत्ति

लोकगीतको आरम्भिक चरणमा आउने पङ्क्तिलाई स्थायी, टेक वा ध्रुवपद भनिन्छ । यस पुनरावृत्तिका कारण लोकगीतमा बढी लय र सङ्गीत उत्पन्न हुन्छ । यो प्रश्नोत्तरात्मक पनि हुन सक्छ ।

### २.४.८ मनोरञ्जनात्मक र उपदेशात्मक

लोकगीत मनोरञ्जनका साथै यसमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले शिक्षा, उपदेश पनि निहित रहन्छ । यसले मनोरञ्जन, शिक्षा, ज्ञान र उपदेश सरल ढङ्गमा दिन्छ । साथै यसको उद्देश्य शत्रुलाई परास्त गर्ने, प्रेमीलाई आकर्षित गर्ने, अलौकिक शक्तिलाई आह्वान गर्ने र जादुयी शक्तिलाई जगाउने हुन्छ । श्रवण र गायनको आनन्दको साथै सामूहिक भाव वा विचारको अभिव्यक्ति यसको मूल प्रयोजन हो ।

### २.४.९.स्वच्छन्द प्रकृतिको र प्रगीतात्मक

लोकगीतले कुनै प्रकारको वन्धन स्वीकार्दैन र यो स्वतः स्फूर्त ढङ्गमा संरचित हुन्छ । छन्द, लय, सङगीतका नियम विशेषलाई नमानेर यसले सामान्य लोकव्यवहारको अनुसरण गर्छ तथा लोकगीत प्रगीतात्मक रचना छिटो, छरितो, लयात्मक र गेय हुन्छ । यो एउटै भाव वा विचारमा केन्द्रित रहन्छ । यसमा विविध भावका हाँगाबिँगा हुदैंनन् ।

### २.४.१० लोकतत्त्व र हार्दिकताको प्रधानता

लोकभाषा, लोकभावना, लोकविश्वास, लोवातावरणमा लोकगीत पुरै भिजेको हुन्छ तथा बौद्धिक पक्षभन्दा हृदय पक्षको प्रबलता रहन्छ । यसमा आत्मीयता, संवेदनशीलता र रागात्मकताको प्रचुरता पाइन्छ ।

## २.५ लोकगीतको वर्गीकरण

लोकगीत मानिसहरुका आफ्ना मनका निजी भावनाहरु व्यक्त गर्ने साधन हो । लोकगीतहरु स्वतः स्फूर्त अभिव्यक्ति हुन् । यस्ता गीतहरु चिन्तन-मननका परिणाम होइनन् । यस्ता गीतहरु धेरै समय लगाएर विचार गरेर रचिएका होइनन् । युगौंदेखि एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएकाले लामो समयको अन्तरालमा परिवर्तन आउनु पनि स्वाभाविक नै मानिन्छ । नेपाली लोकगीतहरुमा पनि जीवनका विविध पक्षलाई छोएर गाइएका विभिन्न प्रकारका लोकगीतहरु पाइन्छन् । नेपाली लोक साहित्यका विभिन्न विद्वानहरुले नेपाली लोकगीतका बारेमा अनुसन्धान र वर्गीकरण गरेका छन्, तर अझै पनि केही समस्याहरु भने बाँकी नै रहेका छन् । लोकगीत समग्र वर्गीकरणहरुलाई हेर्दा विद्वानबीच आंशिक सहमति पाइन्छ । विभिन्न समयमा लोकगीतको क्षेत्रमा काम गर्ने विभिन्न व्यक्तिहरुले आ-आफ्ना किसिमले लोकगीतमा आउने विभिन्न आधारहरुलाई महत्व दिएर वर्गीकरण गरेका छन् तीमध्ये नेपाली लोक साहित्यविद् तथा केही विदेशी विद्वानहरुका मतहरुलाई पनि हेर्न जरुरी हुन आउँछ ।

नेपाली लोक साहित्यका अध्येता चूडामणि बन्धले **नेपाली लोक साहित्य** भन्ने आफ्नो पुस्तकमा लोकगीतलाई निम्न चार किसिमले वर्गीकरण गरेका छन् ।

क) धार्मिक गीत, ख) अनुष्ठानमूलक तथा संस्कार गीत ग) ऋतुगीत तथा पर्व गीत र घ) श्रमगीत । (बन्धु २०५८: १२२-१२३)

भारतीय लोक साहित्यका विद्वान कृष्णदेव उपाध्यायले लोकगीतलाई निम्नानुसार पाँच भागमा वर्गीकरण गरेका छन् । (बन्धु २०५८: १२३) १) संस्कारसम्बन्धी गीत, २) ऋतुसम्बन्धी गीत, ३) जातिसम्बन्धी गीत, ४) श्रमसम्बन्धी गीत र ५) विविध गीत

कृष्णप्रसाद पराजुलीले लोकगीतलाई मुख्य दुई भागमा वर्गीकरण गरेका छन् ।

१) वर्षचक्रीय लोकगीत : बाह्रमासे, ऋतुकालीन, पर्व, कर्म ।

२) जीवनचक्रीय लोकगीत : संस्कार, धार्मिक, उमेर अवस्थाकालीन गीत, नृत्यगीत । (पराजुली: २०५८-१४९)

लोक साहित्यकार धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोक साहित्यको विवेचना भन्ने आफ्नो पुस्तकमा लोकगीतलाई ७ प्रकारमा विभाजन गरेका छन् : १) सामान्य गीत, २) संस्कारगीत, ३) ऋतु वा व्रतसम्बन्धी गीत, ४) कर्मगीत, ५) पर्वगीत ६) लोक नृत्य वा नृत्यगीत र ७) विविध । (थापा र सुवेदी २०४१: ८२)

लोक साहित्यकार कृष्णप्रसाद पराजुलीले **नेपाली लोकगीतको आलोक** भन्ने आफ्नो पुस्तकमा लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गरेका छन् :

१. क्षेत्रका दृष्टिमा : पश्चिमाञ्चलका लोकगीत, पूर्वाञ्चलका लोकगीत, तराईका लोकगीत, डोटेली लोकगीत इत्यादि ।

२. जातीय दृष्टिमा : जात विशेषले गाउने छुट्टाछुट्टै लोकगीतहरु । जस्तै : तामाङ सेलो, शेर्पाली, नेवारी, थारु, कुमाल गीत आदि ।

३. कार्यअवस्थाका दृष्टिमा : यस अन्तर्गत संस्कारगीत र कर्मगीत जस्ता गीतहरु पर्दछन् । जस्तो : विवाह, पास्नी, जन्म आदिमा गायिने गीत अनि रोपाइँ, दाइँ, धाननाच आदि गीतहरु पर्दछन् ।

४. उमेर वा लिङ्गका दृष्टिमा : उमेर अवस्थाका गीतहरु, जस्तो: बालगीत युवा युवतीहरुले गाउने खासगरी प्रेम प्रसङ्गका गीत, वृद्ध वृद्धाहरुले धार्मिक पर्व, उत्सवका अवसरमा गाउने गीत ।

५. स्वरुपका दृष्टिमा : नेपाली लोकगीतलाई तिनीहरुको आकारप्रकार, स्वरुप र बनोट अनुसार वर्गीकरण गरिएको पाइन्छ । यसमा लय, अलङ्कार बाह्यरचना, रुप आदिका दृष्टिमा गरी बाँड्न सकिन्छ । मुक्तगीतमा सगुन, चुड्का, दोहोरी, झ्याउरे, घाँसे, असारे, रोइला आदि पार्दछन् भने प्रबन्ध गीतमा गाथाका विभिन्न प्रकारका गीतहरु, जस्तो चरित्र सम्बन्धी गीत, घटनाप्रधान, तीजका गीत इत्यादि पर्दछन् । यसरी आकार तथा आयामजस्ता रुपभेद होइन, लय अलङ्कार र रस आदिसम्म पुग्न सकिन्छ ।

६. प्रस्तुतिका दृष्टिमा : नेपाली लोकगीतलाई प्रस्तुतिका दृष्टिमा स्वरमात्र निकालेर गाइने, नृत्यसहित गाइने र बाजासमेत बजाएर गाइने गीतहरु पर्दछन् । स्वरमात्र निकालेर गाइने गीत घाँसे, असारे, सँगिनी आदि वाद्यवादन नभएका गीत हुन् । बाजासित गाईने तीजे, ख्याली, दोहोरी, झ्याउरे आदि नृत्यगीत मानिन्छ र नृत्यगीत नृत्य वाद्य गीत हो ।

कृष्णप्रसाद पराजुरीले लोकगीतलाई मुख्य दुई भागमा वर्गीकरण गरेका छन् ।

१. वर्षचक्रीय लोकगीत

क) बाह्रमासे लोकगीत ख) ऋतुकालीन लोकगीत ग) पर्व गीत
घ) कर्म गीत

२. जीवनचक्रीय लोकगीत

क) संस्कार गीत ख) धार्मिक गीत ग) उमेर अवस्थाकालीन गीत

घ) नृत्य गीत (पराजुली, २०५८: १४९)

संस्कृतिविद् सत्यमोहन जोशीले लोकगीतलाई आठ वर्गमा वर्गीकरण गरेका छन् । (आचार्य २०६२: १३)

१. भजनका रुपमा गाइने गीत २. नृत्य गीत

३. प्रेमसँग सम्बन्धित गीत ४. चाडपर्वका गीत

५. सामायिक गीत

६. कर्खा आदि युद्ध क्षेत्रमा गाइने गीत

७. चरित्र गीत

८. उत्सवमा गाइने गीत

त्यसैगरी भाषाविद् चूडामणि बन्धुले लोकगीतलाई मुख्यतया सामान्य लोकगीत र विशेष लोकगीत गरी दुई भागमा बाँडेका छन् ।

उपुर्यक्त सबै विद्वान्हरुले गरेको लोकगीतको वर्गीकरणमा समानता पाइँदैन । कुन विद्वानले एक पक्षमा जोड दिएको पाइन्छ भने कसैले अर्को पक्षमा जोड दिएको पाइन्छ ।

## २.६ लोकगीतका तत्त्व

कुनै संरचनाको निर्माणमा नभई नहुने आवश्यक कुरालाई तत्त्व भनिन्छ । तत्त्वलाई उपकरण, अङ्ग, घटक, संरचक, घटक, अवयव आदि पनि भनिन्छ । आफ्ना तत्त्वहरुको आवश्यक सङ्गठन नहुँदा लोकगीत वा कुनै सिर्जनात्मक रचनाले साकार रुप नलिने भएकाले यिनको आवश्यकतालाई अनिवार्यता पनि मानिएको छ । लोकगीतका तत्त्व के के हुन् भन्ने सम्बन्धमा प्रा. मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुँइटेलको आफ्नो पुस्तक 'लोकवार्ताविज्ञान र लोक साहित्य' २०६३ मा लोकगीतका यी चार तत्त्व मानेका छन्: १. भाव वा विचार २. उद्देश्य ३. भाषा ४. शैली । त्यसैगरी नेपाली भाषा र साहित्यका अध्येता एवं वरिष्ठ विद्वान चूडामणि बन्धुले, **'नेपाली लोक साहित्य'** (२०२८: ११५) नामक पुस्तकमा लोकगीतका यी ६ तत्त्व मानेका छन् : १. कथ्य २. भाव ३. चरण वा पद ४.स्थायी र अन्तरा ५. रहनी र बथनी र ६. लय वा भाका । यी सबै विद्वानहरुका मतलाई विश्लोषण गर्दा लोकगतिमा निम्न लिखित सात प्रकारका तत्त्वहरु हुने देखिन्छ । ती हुन् :

### २.६.१ संरचना

लोकगीतको तयारी अवस्था वा बनोट नै संरचना हो । अर्थात स्वतः स्फूर्त र मौखिक रुपमा लोकगीत कथिने र भनिने प्रक्रिया संरचना हो । संरचना लोकगीतको प्रमुख तत्त्व हो । आन्तरिक र बाह्य गरी दुई संरचना हुन्छन् लोकगीतका/ लयलाई समातेर शब्द र शब्दावलीहरुलाई उन्दै र पङ्क्तिगत लोकगीत मानव सभ्यताको विकाससँगै मानिसहरुले आफ्नै दुःख-सुख, पीडा व्यथा, आँशु-हाँसो आदिलाई व्यक्त गर्दै आएका छन् । पुरानो पुस्ताले गाएका गीतहरुलाई नयाँ पुस्ताले पछ्याउँदै र केही परिवर्तन भई प्रस्तुत हुने भएकाले लोकगीतका रचनाकार अज्ञात नै रहन्छन् र गीतहरु चाहिँ सामूहित भइदिन्छन् ।

### २.६.२ मौखिक परम्परा

लोकगीत प्राचीन समयदेखि मानिसहरुले नै आफ्ना मनका भावनाहरुलाई स्वरबद्ध रुपमा पुकारिदै भनिदैं आएको महत्वपूर्ण विधा हो । कुनै लिपिको विकास हुनुभन्दा अगाडिदेखि लोकगीत प्रचलनमा थियो र त्यो मौखिक परम्परामै चल्दै आयो ।

एक व्यक्तिले आफ्ना भावना गीतको रुपमा गाएको गति अर्को व्यक्तिले सुन्दै एककान दुईकान मैदान हुँदै सर्वत्र फैलियो । त्यसैले लोकगीत मौखिक विधा नै मानिन्छ ।

### २.६.३ स्वच्छन्दता

लोकगीतको रचना तथा गाउन कुनै खास नियम रहेको हुँदैन । यसमा कुनै छन्द, नियम हुँदैन । लोकगीत मान्छेका मनका भावना हुन् र जुनसुकै समय, दुःख-सुख, हाँसो-रोदनमा पनि जेजस्ता भावना आउँछ त्यही अनुसार गीत गाइन्छ । झरनाको पानी जस्तै स्वच्छ र निश्चल रुपमा लोकगीतमा भाका र भावहरु बह्ने गर्दछन् । यसमा कुनै रोकरोट र वाधा हुँदैन । मान्छेका मनमा अटेसमटेस भएर रहेका भावहरु छचल्किने गर्दछने । त्यसैले स्वच्छन्दता पनि लोकगीतको अर्को महत्वपूर्ण विशेषता हो ।

### २.६.४ कथन विविधता

लोकगीतमा समय, ठाउँ र परिस्थिति अनुसार कथन विविधता रहन्छ । एउटै लय वा भाका भए तापनि भौगोलिक अवस्था अनुसार विविध प्रकारका शब्दहरु राखेर लोकगीत गाइन्छन् । चाडपर्व, मेलापात, प्रेमप्रसङ्ग, संस्कार तथा अन्य लोकगीतहरुमा रुप, लय तथा कथनशैली फरक-फरक रहन्छन् । एकल र दोहोरी गीतमा पनि प्रसङ्ग र कथन पद्धति फरक हुन्छ ।

### २.६.५ सहजता र स्वाभाविकता

लोकगीत गाउनको लागि कुनै औपचारिक शिक्षालय वा साङ्गीतिक विद्यालयमा साधना गर्नुपर्दैन । अरुले भनेका र सुनेका भरमा जानिन्छ र आफ्ना मनका भावनाहरुलाई सहजरुपमा लयमा मिसाएर सिर्जना हुन्छन् । लोकगीतमा जटिलता, दुरुहता र कृत्रिमता हुँदैन र बाध्यतामा सिर्जित हुँदैन ।

### २.६.६ सामूहिक भावभूमि

लोकगीत एक व्यक्तिमा मात्र भावना नभई लोकजीवनका सबै व्यक्तिहरुका भावना समेटिएको हुन्छ । दुख-सुख, उकाली-ओराली, हाँसो-खुसीका भावनाहरु एक व्यक्तिले प्रस्तुत गई तापनि त्यसको भावभूमि भने सामूहिक नै हुन्छ । यसलाई लोकको भावको रुपमा लिइन्छ । लोकगीत एक व्यक्तिको सम्पत्ति नभई सामूहिक सम्पत्ति हो ।

### २.६.७ मौलिकता र सरलता

लोकगीत ग्रामीण समाजका मानिसका हृदयबाट निस्केका स्वच्छ भावना भएकाले मौलिक हुन्छ एउटै गीतलाई धेरै जनाले गाए तापनि ती गीतहरुमा आफ्ना भावनाहरु मिसिएर मौलिक नै रहन्छन् । तापनि आफ्नो मनमा व्यक्त हुन्छन् लोकगीत

अनुदित हुँदैनन् । सरस, सरल र स्वच्छन्द भावनाहरु हुन्छन् । जटिल भएमा त्यस्ता भावनाहरु लोकले पचाउन सक्दैनन् ।

## २.७ निष्कर्ष

विभिन्न विद्वान् अध्येता, अनुसन्धानकर्ताका विचार तथा अनुसन्धानबाट निस्किएका परिभाषा वर्गीकरण र तत्त्वहरु जेजस्ता छन् । समग्र नेपालका गाउँका लोकगीतहरु पनि ती परिभाषा, वर्गीकरण तथा तत्त्वसँग नजिक छन् । यहाँका गीतहरुमा सरलता, सहजता, मौलिकता र स्वछन्दता पाइन्छ । नेपालका गाउँ, पाखापखेरा भित्रका आफ्ना परम्परा, संस्कृति र सामाजिक परिवेशले गर्दा गाउँघरका लोकगीतको पहिचान छुट्टै छ ।

# परिच्छेद तीन

# सङ्कलित श्रमगीतहरुको वर्गीकरण

# र तिनको विश्लेषण

## ३.१ पृष्ठभूमि

नेपाल प्राकृतिक, भौगोलिक र सांस्कृतिक विविधताले भरिएको पहाडी मूलुक हो। नेपालका अधिकांश भू-भागहरु ग्रामीण इलाकामा पर्दछन् । यहाँ बाहुन, क्षत्रीय, नेवार, मगर, राई, लिम्बु, तामाङ्ग, दमाइ, कामी, सार्की, मधेसी, थारु आदि जातका मानिसहरुको बसोबास ग्रामीण बस्तीहरुमा रहेको छ । नेपाल कृषि प्रधान देश हो । यहाँ ग्रामीण जनताहरु श्रममा विश्वास गर्छन् र श्रमजीवी वनी कर्मठ बन्न चाहन्छन् । वनमा दाउरा लिन जाँदा, उकाली, ओराली गर्दा, भारी बोक्दा, बाली रोप्दा, बाली भित्र्याउँदा, बाली गोड्दा आदि विभिन्न किसिमका गीतहरु घन्किने गर्छन् । यसरी वनपाखा, उकाली-ओराली, गोठाला जाँदा युवा-युवती तथा बालक, वृद्ध सबैको गलाबाट अनायस नजानिँदो ढङ्गबाट लोकगीत गुञ्जन हुँदा निश्चय नै ती गीतहरुले जीवन्तता पाउने गर्छन् । यसबाट हरेक उमेरसूमह, तह र तप्काका मानिसलाई उमङ्ग, उत्साह र समयताले जाग्रित तुल्याई दिन्छ । धार्मिक गीतहरुले मानिसहरुलाई ईश्वरप्रतिको भावनालाई गहिरो रुपमा मनन गर्ने बनाएको हुन्छ । धार्मिक भजन कीर्तन आदिले मान्छेको मनमा छुट्टै आनन्दको अनुभूति दिन्छ । प्रेमगीत तथा बाह्रमासे गीत प्रायः सबैको मन मष्तिष्कमा रहिरहन्छन् । पर्वगीतले आफ्ना चाडपर्व सम्बन्धी महत्वबोध गराउँछ भने मेलागीतले मेला सम्बन्धी जानकारी गराई भावी पुस्तालाई आफ्नो चाडवाडका बारेमा जानकारी गराउँछ ।

बालगीतहरुले बालकहरुका बालसुलभतालाई बोध गराउँछन् । नेपालका ग्रामीण भेकहरुमा यस्ता लोकगीत प्रायः प्रचलित छन् । नेपालको सबैक्षेत्रमा उस्तै किसिमले गाइन्छ भने त्यस्ता मौलिक गीतहरु प्रायः एक क्षेत्रमा प्रचलित तर अर्को क्षेत्रमा छुट्टै तरिकाले गाइएको पाइन्छ । लोकगीत खोजी गर्दा विभिन्न प्रकारका भएपनि नेपालमा विभिन्न ठाउँमा रत्यौली, आंशिक, तीजको गीत, संस्कार, देउसी, भैलो, सँगीनी, मालसिरी सराउँजस्ता पर्वगीतहरु, बाह्रैमासा गाइने प्रेमगीत, विरह र झ्याउँरे गीतका साथै असारे, दाइँ, घाँसे, गोडेलो, लल्लोरी वा निँदरीजस्ता श्रमगीतहरु त्यस्तै मेला गीत, बाल गीत तथा भजनकीर्तनजस्ता धार्मिक गीत प्रचलनमा रहेका छन् ।

श्रमगीत साना साना नानीहरुलाई खेलाउँदा र सुताउँदा मकै गोड्दा, धान रोप्दा, दाइँ गर्दा, घाँस काट्दा अरु यस्तै कुनै पनि शारीरिक काम गर्दा गाइने गीतलाई

श्रमगीत भनिन्छ । खास गरी नेपालका ग्रामीण इलाकामा श्रमजीवी किसानहरुले श्रम सम्बन्धी गीत गाएका हुन्छन् । गाउँमा मेलापात जाँदा नारीहरुको सामूहिक स्वर लहरीले श्रमगीतको नाउँ लिएका हुन्छन् तापनि यसमा पुरुष वर्गको सहभागिता पनि हुन्छ । पूर्वी पहाडमा प्रचलित "लहरी लाली माई" गीत चैत-बैशाखमा मकै अथवा धैया गोड्दा, "गोडेला" गाउँछन् । यस अन्तर्गत केही फुटकर गीत र केही गाथाहरु पनि गाइन्छन् । असार लागेपछि असारे शुरु हुन्छ । असारे गीतलाई ठाउँ-ठाउँमा बेग्लाबेग्लै किसिमले गाइन्छ । खास गरी रोपाइँका समयमा गाइने भएकाले यस्ता असारे गीत "रोपाइँ गीत" का रुपमा पनि प्रचलित छन् । अघि असारका दिनमा केन्द्रीय नेपालका गरीब समुदायमा "ओहाली" गाउने पनि चलन थियो । ओहाली गीत एक प्रकारको गाथा हो । कतिपय क्षेत्रमा कथानक गीत वा गाथा गाउँने चलन अझै पनि छ । मङ्सिरमा धान काटेर खलमा फिँजारी मियामा बाँधेका गोरु दाउँदा गाइने गीतलाई "दाइँ गीत" भनिन्छ । प्रस्तुत अध्ययन पत्रमा तिनै श्रमसम्बन्धी लोकगीतको संकलन र विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

### ३.१.१ दाइँ गीत

अ. हो हो दाइँ बराँदो, हो हो ।

हो हो असी मुरी झरुवा, बार बीस रास

चम्पा फूल फुल्यो, लङ्का पुग्यो बास हो हो दाइँ बराँदो, हो हो ।

मियोका गोरुले हो पाएन जोरी, सह ल्याऊ भाइ हो !

चारै दिशा फोरी पूर्व पश्चिम उत्तर दक्खिन चारैतिर फोरी, ह ह ह ।

हो हो, हाम्रो बराँदोलाई बाँध्यौ नि मेरा भाइ राजै हो ।

मालदाम्ला फिँजारेर बाँध्यौ नि मेरा भाइ बराँदो,

खुरले माडिदेऊ पुच्छरले डोलाइदेऊ, हो हो दाइँ बराँदो हो हो ।

वरिपरि बराँदो परालको कुँडुलो माझैमा बराँदो सिमलचरीको मुनो

हो हो दाइँ गर बराँदो, दाँई गर .................

आजको बराँदोका मोटामोटा सिङ खलाका वरिपरि सिमलचरी रिङ

हो मेरा भाइ बराँदो हो ............. मधेसतिरको सह ल्याऊ भाइ बराँदो

मियोका गोरुको बाटुलो जुरी, आजका रासमा तीन सय साठी मुरी

हो मेरा भाइ बराँदो हो .................

कोरी बाटी चुलठी त मुठीभरि केश, हिँड्न लाग्यो बराँदो पुतलीको भेष ।

हो मेरा भाइ बराँदो हो ................

पराल टिपी भुँडी भर, छिटो काम गर हो हो दाइँ बराँदो, हो हो ।

तारे, झाले, माले हिँड बराँदो हो हो

तिल्के, बिच्छे, झाले, माले मिली परालका माथि

काम सक दयैँरे हो थन्काई धानको राशि, हो हो दाइँ बराँदो हो हो ।

वरिपरि बराँदो हो, सिमलचरीको मुनु

खाउला खाउला दयैँरा हो ! भातका चोइली, घिउको दुनु

छिटो गर बराँदो धान-पराल छुट्याई सक आफ्नो काम

अनि पाउँछौ बराँदो, कामको माम

हो हो माली गाईको बाछो, धेनु गाईको नाति

हिँडहिँड बराँदो, मिलजुली परालमाथि, हो हो दाइँ बराँदो, हो हो

हो हो माली गाईको बाछो, झाली गाईको नाति

हिँडहिँड मेरा भाइ हो पुतलीका भाँति धान परालमाथि

रिङ्दै जाऊ भाइ बराँदो हो घुम्दै जाऊ, हो हो दाइँ बराँदो, हो ह

खलाका गोरु तिखे, झुले सबै, सहल्याउँदै दाइँ गर हो बराँदो, दाइँ गर

आकाशमा हेर बराँदो झिलमिली तारा, हाम्रा खला वरिपरि सहका धारा

कसरी छुटाउँछौ मेरा भाइ हो लागेको भारा, हो दाइँ बराँदो हो,

ह ह ह ह !

हाम्रा बराँदोको गलाभरि दाम्ला, कसरी छुटाउँछौ मेरा भाइ हो परालको मामला

मियोका भाइले सिङैले हम्की, माडेको पराल ठेल है भाइ हो बाहिर लम्की

आजका बराँदो हो तिल्के, झाले माले, राशिमा भोग दिउँला परेवाको भाले

मियोको टुप्पामा बसिगयो कोइली, आजका दयैँरेलाई घिउका चोइली

हो हो हो हो, हहहह ! हो दाइँ बराँदो हो, हहहह !

(शर्माः २०६३ः १३३-१३४)

मंसिर महिनामा पाकेको धानलाई काटेर बाँधी गोबरले पोती सफा बनाएको खलामा ल्याई थुपार्ने र खलाको माझमा मियो गाडी मियोको वरिपरि लहरै गोरु बाँधेर मिया वरिपरि घुमाई धान माड्ने क्रममा गाइने गीत दाइँ गीत हो । तद्भव शब्द

दाइँमा गीत जोडेर दाइँगीत बनेको हो । दाइँ शब्द दायाँबाट बन्नसक्ने देखिन्छ । दाइँमा धान झार्ने, नल छिरोल्ने र गोरु घुमाउने, गोरुले गोव्र्याए, पिसाब फेरे परालमा पर्न नदिने, गोरुको रखवारी गर्ने चनाखो व्यक्तिलाई दयेँरे भनिन्छ । दाइँमा दयेरैँलाई मियोको वरिपरि घुम्ने गोरुहरुको नाम थाहा हुन्छ र उसले गोरुको नाम काटेरै ह ह भन्दै गोरु घुमाउँछ । यसै क्रममा दयेँरेले काम गर्दा अल्छी नलागोस् र जोस जाँगर बढोस् भनेर गीत गाउन सुरु गर्छ र उसका अरु साथीहरुले साथ दिन्छन् ।

प्रस्तुत दाइँगीत पूर्वी नेपालतिर गाइने गीत हो । दाइँगीतको मुख्य विषयवस्तु मियोमा बाँधिएका गोरु, दयेँरे, सहकाल ल्याउने सिमलचरी, खेतका देवता भूमे आदि हुन्छन् । प्रस्तुत दाइँगीत दयेँरे र अन्य उसका साथीहरु समेत मिलेर गाएको र गीतमा मियोका गोरुहरुप्रति आत्मियता प्रकट गरेको, धानको रास धेरै बढोस् । तराई, पूर्व, दक्षिण सबैतिर भएका सह यही खलामा आएर धानले घर, खला भरि होस् भनी कामना गरिएको छ । दयेँरे, गोरु सबैले मीठा मीठा खाना खान पाइयोस् भन्दै कामना गरिएको छ । गोरुलाई पनि पराल खादैं काममा लाग्न र काम गरे मीठा खाने कुरा गोरुलाई खोले, पराल आदि पाइने कुरा गरिएको छ । माले, झाले, तिल्के नाम लिंदै गोरुहरुलाई माली गाईको बाछो, धेनु गाईको नाति भन्दै परालमाथि मिलिजुली हिँड्न अनुरोध गरिएको छ । आकशमा हेर्‍यो भने झिलिमिली नौलाखा ताराहरु छन्, त्यसरी नै खलाको वरिपरि सह ल्याइदिनको लागि सिमलचरी लगायत ईश्वरसँग प्रार्थना गरिएको छ ।

अन्त्यमा दाइँको नियम अनुसार भूमिदेवलाई धुप बत्ति बाली धानको रासमा परेवाको भोक चढाउने कुरा गरिएको छ । नेपाली संस्कार अनुसार दाइँमा वा धान खलामा भरी सकेपछि थुप्रो पारेर आफ्ना घरका कुल देवता भूमि, देवको पूजा गरेपछि घरमा थन्काउने परम्परा यहाँ देखाइएको छ ।

यो दाइँ बराँदो हो हो हो भन्ने पङ्क्तिलाई स्थायी र अन्य पङ्क्तिहरु अन्तराका रुपमा गाइने गीत पुरुषहरुद्वारा सामूहिक रुपमा गाइने गीत हो । मंसिर महिनामा गाइने हुँदा यो ऋतुगीत हो । यो गीत लामो र ठाडो भाकामा गाइन्छ । यसमा कुनै पनि बाजाको प्रयोग नगरिने हुँदा यो कण्ठयगीत हो । दाइँमा खलेजाँलो खुवाउने प्रचलन भएकाले पनि ढयेरैँहरु रौसिएर गीत गाउँदै छिट्टै काम सक्ने तर्फ लाग्छन् । जोरी-फोरी, लय, माधुर्य सिर्जना गरी सफल रहेको प्रयोगबाट लय, माधुर्य सिर्जना गरी सफल रहेको छ । प्राय नेपाली ठेट झर्रो शब्दहरुको प्रयोग भएकाले प्रस्तुत गीत सहज प्रतित हुन्छ ।

आ. हो हो दाइँ बरदो हो ।

तारे, झाले, माले हिँड बरदो हो !

मियाका टुप्पामा बसिगयो कोइली
आजका दएँरेलाई घिउका चोइली
मियाका गोरुले हो पाएन जोरी
सह ल्याऊ हो ! मालमधेसको
पूर्व पश्चिम उत्तर दक्खिन फोरी, ह ह ह !
खुरले माडिदेऊ पुच्छरले डोलाउदेऊ
कानले बताउदेऊ सिङले बोकिदेऊ
वरिपरि बरदो हो परालको कुँडुलो
माझँमा बरदो हो सिमलचरीको मुनो
खाउँला खाउँला दएँरे हो डढेको चोइली खिउलो दुनो, ह ह
आजका गोरुका मेरा भाइ बरदो हो
तीखा मोटा सिङ
आजका खला वरिपरि मेरा भाइ बरदो हो
सिमलचरी रिङ
धूप-धुवार मेरा बरदो हो भूमेले खाए
यो भार तिमीलाई मेरा भाइ बरदो हो महादेवले लाए
पुतली गाईको बाछो बरदो, माली गाईको नाति
हिँड्न लाग्यो मेरो भाइ बरदो धान पराल माथि
रिङ्दै जाऊ भाइ बरदो हो बाह्र बीस रास
माल मधेसको भाइ बरदो हो डोटीको सह ल्याऊ
असी मुरी झरुवा भाइ बरदो हो बाह्रबीस रास
चम्पा फूल फूल्यो लङ्का पुग्योबास
पाटीका गोरुको मेरा भाइ बरदो हो बाटुलो जुरी
आजका रासमा मेरा भाइ बरदो हो मुठीभरि केश
कोरी बाटी चुलठी त मेरा भाइ बरदो हो मुठीभरि केश
हिँड्न लाग्यो मेरा भाइ बरदो हो पुतलीका भेष ।

(बन्धु २०५८: १७८-१७९)

प्रस्तुत दाइँ गीत जब मङ्सिरमा धान काटेर एक ठाउँमा कुन्यू लगाएर राखिन्छ । गोबरले लिपेर चिल्लो पारेको खलामा कून्यू ढालिन्छ । खलाका बीचमा गाडेको किलालाई मियो (मेहे) भनिन्छ । त्यसमा लहरै गोरुहरु बाँधि परालालाई छारी धानलाई कुल्चाइ दाइँ गरिन्छ । गोरु धपाउने, परालसहित धान थप्ने, झिक्ने, गोरुले गोबऱ्याउने बित्तिकै फाल्ने र चनाखो भई गोरुलाई घुमाइ राख्ने व्यक्ति दएँरे भनिन्छ । प्रस्तुत दाइँगीतमा दएँरेहरु गोरु घुमाउँदै धान सहितको पराल छिट्दै दाइँ गर्ने गर्छन् । दाइँ गर्दा गोरुलाई सम्बोधन गर्दै किसानले असारमा लगाएको बाली मङ्सिरमा घरमा भित्र्याउने पर्ने र आफूलाई मात्र नभई बाँकि रहेको अन्न बिक्री गरी घरधन्दा चलाउने पर्ने भएकाले खेत जोतेर अन्न उब्जाउने गोरुहरुप्रति आत्मीयता र कृतज्ञता भाव प्रकट गरिएको छ । गोरुहरुलाई दाइँमा मन लगाएर आफ्ना खुट्टाका खुरले धान माड्न, पुच्छर हल्लाउँदै आफ्ना कर्तव्य पूरा गरिदिन आग्रह गरिएको छ । मियोको टुप्पामा सिमलचरि बसिसकेको छ त्यो चरीले सह ल्याउने कुरा व्यक्त गरिएको छ । सिमलचरीका बारे एउटा जन विश्वास के छ भने उहिल्यै एउटा किसानले खलामाधान रास बनाई खेताला लगाई जति धान ओसार्दापनि कहिल्यै धान नसकिएको देखेर धानकै रासमा आगो लगाइदियो । आगोको लप्काले सिमलचरीको प्वाँख डढे र चरी खलामा पछारिएको थियो । अरु चरासँग एकएक वटा प्वाँख मागी वल्लतल्ल उडेको तर सिमलचरीको अरु प्वाँख उम्रेन । त्यसैले सिमलचरी राति राति गोलसिमल भन्दै कराउँछे भन्ने जनविश्वास छ । सिमल चरीले खलाका धानमा सह ल्याएकाले मियोको वरिपरि धानका विटा थुपारेर सिमलचरीको सम्झनामा खलामा ससाना ढुङ्गाहरु र फलफुल राखेर धुप दिने चलन चलेको हो । अचेल पनि दाइँ गर्ने दएँरेहरुले त्यसलाई मियाकै फेदमा राखेर धानले पुर्दछन् । तर किसानका कल्पनामा सिमलचरी मियाको टुप्पामा बसेकी हुन्छे । त्यही भएर दएँराहरुले दाइँ गर्दा माथि प्रस्तुत भएको दाइँगीत गाउने चलन छ ।

प्रस्तुत दाइँ गीतमा दएँरेहरुले हो हो बरदो भन्दै गोरुहरुलाई घुम्दै आफ्नो कर्तव्य निभाएमा खान पनि पाइने र आफ्ना मालिकप्रति गरिनु पर्ने कर्तव्य पूरा हुने तथा दाइँ राम्रो गरेमा मिठामिठा खानेकुरा खान पाउने कुरा व्यक्त गरिएको छ । दएँरेहरुलाई खानपानको व्यवस्था गरिने कुरा गरिएको छ । तिमी (गोरु) हरुले लगाएको भार भने महादेवले लिने कुरा गरिएको छ ।

प्रस्तुत दाइँ गीतमा दएँरेहरुले गोरुप्रति आत्मियता प्रकट गर्दै धानको रास बढेर सय साठी मुरी होस् भनि कामना गरिएको छ ।

अन्त्यमा दाइँको नियमानुसार मियोको फेदमा धानको रास वा रासिलाई धूप हालेर, देवदेवी, घरको कूल परम्परा अनुसार देवदेवीको पुकार गर्दै सह मागिएको छ ।

हो हो दाइँ बरदो हो हो पङ्क्तिहरुलाई अन्तराका रुपमा गाइने उपयुक्त दाइँगीत कोइली-चोरली डोलाउदेऊ-बोकिदेऊ, नाति-माथि, जुरी-मुरी, केश-भेष जस्ता शब्दहरुको प्रयोगले उक्त गीत श्रुतिमाधुर्य भएको छ । ठेट र झर्रो शब्दहरुको प्रयोगले भाव बोध अति नै उत्कृष्ट भएको छ ।

**इ)** असारमा रोपे, भदौमा गोडे, मुँगसीरमा पाक्यो धान,
डाकेर खेताला जान्छु है खेतमा भएछ त्यसको मना
खेताला लिएर कटाए धान निहीलै हालेर,
उकेरे निहीनलाई, बाँधेछन् बिटा खलामा ल्याउनलाई,
बोकेर बिटा खलामा ल्याए, भाँरेर छोडे धान,
यो धान सप्पै चोरेर लान्छ दुष्टको भयो मन्,
धान झाँट्यो, त्यसलाई थकाइले जित्यो निन्द्रामा उठेन ।
धानजति सप्पै साहुले लग्यो, पराल त खलामा,
पन्ध्र दिनजति खलामा राखे पुषमा गरे दाइँ,
सर्कारी तिरो बुझाउन कति बिह्वलै पऱ्यो नाइँ ।
धान पराल सप्पै खलामा ल्यायो मुँगसीरका बाँकी दिन,
सँगमा त्यसको थिएन पैसा बढेर गयो रिन ।
धानजति सप्पै साहुले लग्यो, कुत पनि पुगेन,
सर्कारको बाली लागेछ उर्दी, मन पऱ्यो खल्बल,
बालीको निम्ति ताउलो बेचे, स्री रोइन् भल्भल,
खाइ-नखाइ मैले लाएको खेती घरमा आउँदैन,
बाला र पथरा घरमा रुन्छन्, चाड मान्न पाइँदैन ।
सरकारको निम्ति मार्चपास् हुन्छ बजाउँछन देशी बीन,
छोरा र छोरी काखमा लिइ रोएर काट्छौं दिन ।
खान र तिनले पाएनन् कहिल्यै बौंसको भोकमा,
जिन्दगी तिन्को बितेर गयो दुःखको दुःखैमा । (थापाः २०१६: २४८-४९५)

प्रस्तुत गीत एउटा गरिब मोही किसान आफूले धेरै दुःख गर्दा पनि कहिल्यै पनि वर्ष दिनलाई खान नपुगेको दुःख प्रकट गरिएको छ । असारमास धान रोप्दा पानीमा रुझी भिजी दशकर्म पुऱ्याई जतनका साथ आफ्ना घरका देवी देवताको पूजा गरी

बालीमा चरो, मुसो, फट्यांग्रो, नलागोस् भनी रंगिएको चामलको ताप्के रोटी नैवेद्य लिएर एक बिहानै किसान फाँटमा दूध पसेको धानको हरियो बालाले बयली खेलेको फाँटमा आफूले गरेको कमाई देखेर छक्क परी मनमनै 'मैले यत्रो दुःख गरी खेत रोपें, के गर्नु र घरको दुई मुरीले कोठो पनि भरिदैंन, काम मात्र गर्नुपर्छ!' भन्दै सोचेको भन्दै धान काट्ने किसान र खेतालाहरुले गाएको प्रस्तुत गीत हो ।

प्रस्तुत गीतमा असारमा धान रोपी भदौंमा गोडेर मंसिरमा धान पाकेपछि खेताला डाकेर धान काटी खलामा ल्याएको कुरा व्यक्त गरिएको छ । धान खलामा झारे र खलामा छोडेको धान चोरेर लगेकोले दुःख व्यक्त गरिएको छ भने साना किसान त्यसमा पनि मोहीको खलाबाट बाँकी धान पनि तल्सिङले लगेकाले कसरी घरबार चलाउने, सर्कारी कर तिर्न गारो परेको कुरा व्यक्त गरिएको छ । दुःखी किसान वर्खभरि काम गर्दा पनि किसानको हातमा शुन्य मात्र छ । बालीको लागि घरको ताउलो लगायत धेरै सामान बेचेको आफ्नी श्रीमती रोएको, छोरा-छोरी खान नपाएको, चाडबाड मान्न नपाएको दुःख व्यक्त गरिएको छ । किसान वर्षभरि दुःख गर्छ तर खाने बेलामा साहूलाई कूत, सर्कारी रिण आदिले गर्दा साना किसानको राम्रो दिन कहिल्यै नआएको कुरा व्यक्त छ । अर्थात किसानको बैंस भोक र दुःख दुःखैमा बितेको कुरा व्यक्त छ ।

### सारांश

दाइँ गीत नेपाली किसानहरुले असारमा रोपेको बीजलाई मङ्सिर महिनामा खलामा धान ल्याएर दाई गर्दा गाइने श्रमगीत हो । यस्ता खालका गीतले नेपाली लोक साहित्य समृद्ध भएको छ  भने बालीमा सह ल्याइदिन आग्रह गरिने भने बालीमा सह ल्याइदिन आग्रह गरिने यी गीतहरुमा किसानको मेहनतको फल भित्र्याउँदा गाइने गीतको संरक्षण भएको छ । यस्ता गीतहरुको संरक्षण गर्नु आजको टढकारो आवश्यकता हो ।

### ३.१.२ अ. घाँसे गीत

रानीलाई वनको त्यो सेरोफेरो तीनजुरेको उस्तै वन  
पहरा भए रसाउने थियो निष्ठुरी तिम्रो मन ।  
सोल्मा र बेंसीको काल्धुङ्गे खेतमा पानीको छपना,  
यो ज्यानको धनी कुनचाहिँ होला सधैंको जपना ॥  
पानी त पऱ्यो उतैतिर टऱ्यो घाम लाग्यो घमाइलो,  
हेर्छु जतातै देख्तिनँ मन कतै लाग्नै छाड्यो रमाइलो ।

गैरी खेतको रोपाइँ आउनुभयो तपाईँ छाता छदैं घुम केलाई,
आउँदा र जाँदा बोलाएर जाउँला बाटामुनि पुन्टीलाई ।
आजै र मत घाँस काट्न गएँ टिकी खस्यो पातमा,
बैरागी ज्यानको मन बुझाइदिने कोही छन् कि साथमा
तीनै शहर नेपालमै मोटर हाँक्ने ड्राइभर,
परदेशको ठाउँमा तिमी मऱ्यौं भने कल्ले भन्ना हाइबर !

घाँस + एको योगबाट ब्युत्पन्न घाँसे शब्द घाँससँग सम्बद्ध छ नेपालका प्रायजसो ग्रामीण भेगमा घाँसदाउरा र वनपात गर्न, वस्तुभाउ चराउन वन जाँदा-आउँदा गाइने गीतलाई घाँसे वा घँसियागीत भनिन्छ । प्रस्तुत गीत पनि नेपाली ग्रामीण क्षेत्रमा घाँस-दाउरा काट्न जाँदा गाइने गीत हो । घाँस काट्न जाँदा एक्लै वा दुई तीन जनाको समूहले गाउने गीत घाँसे गीत हुन् । एकान्तमा आफ्ना मनका वह पोख्न घाँस काट्दै वा एकछिन बिसाएर घाँसे गीत गाउने चलन नेपालका पहाडी भेगमा जतातै देखिन्छ । प्रस्तुत गीत नेपाली महिलाहरु घाँस काट्न जङ्गल, भीर, पाखातिर जाँदा गाइने गीत  हो । घाँसे गीत दोहोरी / जुवारीका रुपमा गाइन्छ । यसलाई रसिया गीत पनि  भनिन्छ ।

प्रस्तुत गीत नेपालका ग्रामीण क्षेत्रमा घाँस काट्न जङ्गल, भीर, पाखातिर जाँदा गाइने गीत हो । रानी वनमा घाँस काट्दै गरेकी अविवाहित महिलाले आफू अविवाहित रहेकोले यो ज्यानको धनी को हुने भन्नेमा आफ्नो ध्यान केन्द्रित भएको कुरा व्यक्त गरिएको छ । रानी वनको सेरोफेरोमा तीनजुरे वन छ । त्यहाँ पहरा, पाखा पनि छन् । त्यहाँबाट पानी रसाउने गर्छ तर तिम्रो मनमा मप्रति कुनै माया नपलाएको निष्ठुरी प्रेमी भनी आरोप लगाइएको छ ।

तर आफूलाई पानीको रिमझिममा रुझ्दा धेरै रमाइलो हुने, घाम घमाइलो लाग्दा पनि रमाइलो हुन्छ तर आफूलाई रमाइलो लाग्न छोडेको कुरा व्यक्त गरिएको छ । घाँस काट्न जाँदा निधारको टिको पातमा खसेकोले यो वैरागी ज्यानलाई कसैले बुझाइ साथमा लानेको होला । आफ्नो प्रेमी ड्राइभरलाई तिम्रो मृत्यु भयो यो ज्यानलाई कसले समाल्ने हो भनी विरह लाग्दो गीत गाइएको छ ।

ग्रामीण मन सङ्लो खोला झैं निस्कपट हुन्छ भन्ने यथार्थ यहाँ प्रस्तुत गरिएको छ । आफ्नो प्रेमी टाढा टाढा गएर काम गर्ने तर आफ्नो मन वैरागी बन्दै गएको यथार्थ कुरा यहाँ व्यक्त भएको छ ।

घाँसे गीत स्त्री र दुवैले गाइने गीत हो । सदाकालिक वर्गमा पर्ने भएपनि यो गीत श्रमगीत हो । यो गीतलाई अन्त्यतीर लेगो तानेर गाइन्छ । यो अत्यन्त प्रभावकारी

र मर्मस्पर्शी हुन्छ । घाँसे गीतमा पाइने घाँसे लय सामान्यता २० अक्षरको हुन्छ । यसको ६ र १२ अक्षरको विश्राम रहन्छ । प्रस्तुत गीतमा वन-मन, छपना-जपना, पातमा-साथमा जस्ता अन्त्यानुप्रासको ललीत संयोजनले गीत रोचक रहन गएको छ ।

**आ. केको टाटो केको टाटो**

त्यै भोर्लाको टाटो

नखाको दुई दिन भाको

घाँस काट्न आको

डाँडा पाखा घुम्दाघुम्दै

केश पनि पाको

यो दुखिया जीवन घरबार नभई गाको

सर काटी सर

दुवै काटी तर

के भन्नु छ र

पातै फररर

मीठो माया कान्छी

लाऊ जीवनभरि हाँसेर

हाँस्ने फुल्ने जोवन यो

कति साँची राख्ने

ओइली जाने फूल यो

किन बाँकी राख्ने

लेखको टुनी

एकै बारको जुनी

मरे माटामुनि

बाँचे छदैँ छु नि

केको सुर्ता गर्छौ र ...........

(बन्धुः २०५८ः १३५-१३६)

पुर्वी नेपालमा लामो लेग्रो तानेर गाइने यो गीत कहिलेकाहीँ एक्लै वा दोहोरीका रुपमा पनि गाउने चलन छ । प्रस्तुत गीतमा एक जवान मानिसको मन पीर वेदनाहरु छताछुल्ल पारिएको छ । घाँस काट्न गएको तर दुई दिनदेखि खान नखाइकन आएको कुरा बताएको छ । तिनै वन, पाखापखेरा घुम्दाघुम्दैं केश पनि पाकिसकेको घरबार गर्न नपाएको दु:ख प्रकट गरिएको छ । साथै सँगै रहेकी एक अविवाहित केटीलाई यो जोवन हाँस्ने खेल्ने समय हो । त्यसकारण मीठो माया लगाउन अनुरोध गरिएको छ । यो जीवन एक दिन ओइली जान्छ त्यसैले जवानी छदैं विवाह गर्न अनुरोध गर्दै यो क्षण भङ्गुर शरीर हो मरे माटामा विलिन हुन्छ बाँचे म छँदै छु भनेर सुर्ता नगर्न अनुरोध गरिएको छ । घाँसे गीत भएता पनि काम गर्दै मायाप्रीति कुरा गरिएको छ माथिको गीतमा ।

ग्रामीण समाजमा युवायुवतीहरुको बीचमा प्रेमाकर्षण गीतको विषय बन्ने गर्छ । घाँस काट्दै मनका कुरा साट्न, वन पाखा पखेरामा भेट भई चोखो माया गाँस्न अनुरोध गर्छन् ।

श्रृङ्गार रस र अन्त्यानुप्रासयुक्त लय संयोजनका कारण माथिको गीत उत्कृष्ठ बनेको छ ।

इ) तिनै शहर नेपालमा सतहत्तर सालमा
जोर्नाले बन्दुक बाङ बाङ बुङ बुङ पारे
भंगेरीलाई मारे तिन्का जाहान बच्चा सबै जम्मा पारे
तेल-घिउमा तारे, कठैमा बरी मुरलीमा चरी
बैऱ्ही मार्ने गोलीमा,
हिजो त हजुर ! हाँसखेल गर्थ्यौ
आज पऱ्यौ डोलीमा
सिपाईले डोलीबाटै भनेछ :
तिनै शहर नेपालमा मेरो माइलो दाजु
राजलमा थियो, राजदलबाट रैफलमा सऱ्यो
रैफलमा सरेका भोलिपल्ट छेरौटीले मऱ्यो
खान्गी थियो बालाज्यूको मार्सी धान
जमुनाजी तऱ्यो दिनदशाले गऱ्यो
दीनदशाले गर्दा मैले तिमीलाई

छोडीजान पऱ्यो

बसीरौ है मोती ज्यान

घाँसे लोकगीतलाई घँसिया-घँसिनीहरु कुनै विषय पाउना साथ घाँस काट्दा गीतहरु गाउँने त्यस प्रसङ्गमा तत्कालीन चौबस पल्टन फौज भित्र भएको घटनालाई प्रस्तुत गीतमा सजिलैसङ्ग पोखेका छन् । एक जना जवान केटो गोठालो हुँदाहुँदै पल्टनमा भर्ना भएछ । तालिम गर्दागर्दै सिपाहीहरुले लडाइँमा परेर ठूला-ठूला बहादुरी तक्मा पनि प्राप्त गरेछन् । तर सिपाही जीवन छँदा त्यो सिपाहीले अफिसरकी पत्नीसित गरेको प्रेमको वर्णन पनि यसै घाँसे गीतको माध्यमद्वारा प्रकट भएको पाइन्छ । एउटा राजदलमा भर्ती हुने सिपाहीको र एउटा सुवेदारकी स्वास्नीबिचको प्रीति बसेको छ । तिनीहरु शहरको एउटै घरको कोठामा डेरा गरी बसेका रहेछन् । शहरमा हैजाको महामारी मच्चिएछ र त्यस सिपाहीलाई हैजाले पक्रिएछ । उसलाई घाटमा घाटमा लैजान भनी डोलीमा हालेछन् । आफ्नो प्रेमीको त्यो हविगत देखि झ्यालमा बसेकी सुवेदार्नी वियोग व्यथाले छटपट भैछन् । आखिरमा सिपाई मरेछ । यो खबर सुवेदार्नीले सुनासाथ पोखरीमा हाम फालेर मरिछन् । यसै घटनालाई जीवित पर्नाको निम्ति घाँस गीत हो । कलाकार, पल्टनका सिपाइ र घँसिनीहरुले फैलाउँदै पनि गए ।

प्रस्तुत गीत हैजाले पक्रेको सिपाईलाई डोलीमा हाल्नलाग्दा झ्यालमा बसेकी सुवेदार्नीले रोएर भनेकी हुन हैजाले थला परेको सिपाहीले भने डोलीबाटै आफ्नो भावना व्यक्त गरेछ ।

यसरी त्यस सिपाहीले तत्कालीन घटनामा आधारित भएर गीत गाउँदा एकातर्फ भएका यथार्थ घटना उजागर भएका छन् भने अर्को तर्फ घँसिनीहरुले तिनै गीतमा मार्फत सन्देश पनि दिएका छन् ।

**ई)** तीन शहर नेपालमा ८४ सालमा जागीर खान गाको
चिफ साहेवको ढोकामा भर्ना म भाको ..............................
पैल्हे ठेक्किएँ नर्सिङदलमा, दिनदशाले गर्दा सरेँ-
गणेश दलमा, भादगाउँशहरमा डेरा लिएँ
वंशगोपालमा रुपियाँको बाहालमा,
दलले खेल्न पर्ने तम्मरको ताल्मा,
इनस्ट्रकटर भन्ने प्रेमबहादुर माष्टर थियो,
दलेल खेल्न जान्दैनथे भागिभागि जान्थेँ,
उचालेर मिल्काइदिन्थ्यो सिस्नोको झालमा

८७ सालमा, शहरमा भारी बिहन मार्चपास्ट भयो
भादगाउँको बृकेटी शहरमा मार्चपास्ट गर्न भनि गाये
अघि लाग्यो गणेशदल पल्टन, त्यहाँबाट नयाँ गोरख,
पछिबाट भैरुम् ।
अट्ठाईस पुगी उनन्तिम लाग्दा घरबाट थिएन मेरो
कतिन्जेल रोइरम् कठैबरो ! मुरलीमा चरी !
बाच्छैबाजा गमगम्ती
पूर्व जाऊँ भने गएर आको
पश्चिम जाऊँ भने आफ्नो क्वै नभाको
दखिन जाऊँ भने औलाको राँको,
उत्तर जाऊँ भने हिवैंहिउँले खाको
रोइ रोइ बसौं भने दाऱ्ही जुँगा आको
हाँसी बसौं भने पेटमा बैराग भाको,
नेपालको काँठे, बेथामा आँठे,
के लाग्छ र गाँठे ! बसीरैछु धमधम्ति ।

(थापाः २०१६: ५६-५७)

प्रस्तुत घाँसेगीत एउटा सिपाही जीवनभर सिपाई भएको तर यौटा विवहा गर्न नसकेको तीतो अनुभव व्यक्त गरेको छ । अकेलो जीवन बिताउनु पर्दाको छातीको वेदना र मुटुभरि भक्कानो लिएको त्यो अट्ठाईस वर्षे तन्नेरी शिकारीले पोथीलाई मारेपछि भाले अकेलो परेझैं आफूपनि एक्लो भएको अनुभव गरेको छ । अनि अधुरो जीवनको उद्‌गार प्रस्तुत गीतमा व्यक्त गरेको छ । साथै नेपालमा भएको ८७ सालको पर्व तथा तराइतिर औलो रोग प्रकोप थियो भनेर तत्कालीन नेपालको अवस्था पनि त्यस घाँसे गीतमा देखाइएको छ । आफू अविवाहित भएकोले रोएर बसौं भने दारी जुँगा आएको हुनाले रुन पनि नमिल्ने । हाँसौं भने मनभित्र बैराग्य भएकोले हाँस्न नसक्ने कुरा व्यक्त भएको छ ।

प्रस्तुत घाँसे र रसियाको छन्द समाती अनुप्रास मिलेको गद्य कविताहरु हाम्रा गाउँघरमा रचना भएका छन् ।

**सारांश**

घाँसे गीत नेपाली गाउँघरका पाखा, पखेरा, वन-जङ्गलमा घाँस काट्न जाँदा होस् या गाइवस्तु चराउँदा गाइने यो गीत एकलै वा दुईतीन जनाको समूहमा यो गीत गाइन्छ । आफ्ना मनका वह पोख्ने गरिन्छ । यी गीतहरु मार्फत नेपाली लोक साहित्य धनी हुन पुगेको पाइन्छ ।

**३.१.३ जेठे गीत (गोडेलो गीत)**

अ. जेठै र मासका यति चर्का घाम एकलै कोदाली खन्छु नि है ।
घरमा थिए बेरामी स्वामी, स्वामीको हाल के पाम्छ है ?
गामै र बाट बिसीमा जाँदा मुजेत्रो मेरो खस्यो नि है ।
घरमा छन् बिरामी स्वामी केकेमा मेरो हुन्छ नि है?
सत्की छु त घाम छँदै सकूँ, असत्तकी छु त मै मरुँ है ।
उभो है बाट ससुरा झरे केहुको खबर ल्याए नि है?
बिरामी स्वामी त हामरा बाला, पालंगी खटियामा सुकला है?
घरमा थिए बिरामी स्वामी .............................
गामै र बाट जेठाजु झरे स्वामीको सनेस के ल्याए है?
तमरा स्वामी त हामरा भयै पालंगी खटियामा सुकला है,
जेठै र मासका .....................
घरमा थिए बेरामी स्वामी ..........................
उभो र बाट देवर झरे स्वामीको सनु के ल्याए है?
तमरा स्वामी त हमरा दाज्यै पालंगी खटियामा सुकता है
जेठै र मासका यति चर्का घाम ..................
घरमा थिए बेरामी स्वामी ...........................
उभो र बाट जेठानी झरिन् देवरको सनेस के ल्याइन् है?
तिमरा स्वामी त हमरा देवर पालंगी खटियामा सुकता है ।
जेठै र मासका ............................
घरमा थिए बेरामी ................................
उभो र बाट देउरानी झरिन्, जेठाजुको सनेस के ल्याइन् है,

तिमरा स्वामी त हमरा देवर पालंगी खटियामा सुकता है ।
जेठै र मासका यति चर्का घाम एकलै कोदाली खन्छु नि है
घरमा थिए बेरामी ............................................
उभो र बाट ननद झरिन् दाजुको सनेस के ल्याइन् है
साँचोमा साँचो कहु मेरी नानी सुनको सम्पुट् तिम्लाई है
किन र मैले ढाटनें नि भाउजू दाजु त हाम्रा छैनन् नि है
छोड्न छोड कोदाली भाउजू दाजु त हाम्रा छैनन् नि !
साँचोमा म साँचो कहु मेरी भाउजै दाजुको मुख देखौली है
चाँडैमा चाँडो जाऊ मेरी भाउजै दाजुको मुख देखौली है
मुख मैले देख्न पाइनँ नानी गहना मेरा तिम्लाई है
मै सती जान्छु हे मेरी नानी गहना सारा तिम्लाइ है ?

(थापा र सुवेदी : २०१६: १५३-५४)

प्रस्तुत गीत जेठको महिनाः अन्तिम समय-आसन्न आषाढ, गाउँघरको मेलापातको बखत । धान रोप्नको लागि पहिलै नै खेतको छेउकुना खनी ठीक पार्नु, कुलो सोहोरी, मुहान बनाई, आँठा मिलाई, समाहा राखी खेतको मेलोमेसो-परिपन्च मिलाउने कार्यमा व्यवस्थितता ल्याउनु आदि कुराहरु यस समयका कृषि जीवनका अत्यावश्यक कार्य हुन्छन् । प्रस्तुत गीतमा घरमा बिरामी छोरो, बुहारी मेला खेत खन्न गएकी छन् - करिब करिब असारले छोपेको छ । बिरामी छोरो सिकिस्त अवस्थामा अहिले भरे छ तापनि व्यावहारिक परिस्थिति वश बूढाबूढी आदि मेलामा भर्ने तरखरमा हुन्छन् तर छोराको स्वर्ग हुन्छ । सकभर दुलहा मरेको खबर मेलामा काम गरि राखेकी बुहारीलाई नदिने विचारमा हुन्छन् सबै कारण बुहारी सती जाली र घरको अवस्था बिग्रेला भन्ने भयले उनीहरुको स्वार्थी मनः स्थिति सत्यताबाटा टाढा राखेका छन् । उनीहरु बिरामी उस्तै केवल अर्को खाटमा सुतेका छन् भनि असत्य कुरा बताउँछन् । आखिर व्यावहारिक छक्कापञ्जा केही पनि नजान्ने नन्दले सबै यथार्थ कुरा आफ्नी भाउजूलाई बताउँछे र आखिरमा आफ्ना पेवाका सारा गहना आफ्नी नन्दलाई दिई ऊ सती जान्छे ।

बिरामी स्वामी घरमा छोडेर मेलामा काम गर्दा एक्लै मनका कुरा पोख्दै गर्दा मेलामा ससुरा, जेठाजु, देवर, जेठानी र देउरानीसँग मरासन्न आफ्ना स्वामीको खबर बुझ्न लालयित हुन्छे तर सबैले उस्तै छन् र अग्लो खटियामा सुतेका छन् भनी खबर

सुनाउँछन् । आखिरमा आफ्नो हित्तचित्तको सँगीसाथीजस्ती नन्दसँग दुलाहाको खबर सोत्छे र नन्दबाट सत्य कुरा थाहा पाई नन्दलाई सम्पूर्ण गहना दिई सती जान्छे ।

प्रस्तुत जेठे गीतमा मुख्यत करुण भावना पोखिएको छ । करुण भावकै प्रधानता छ । करुण स्वरको माध्यमद्वारा एउटी नारीको वेदना छताछुल्ल देखाइएको छ । जेठे महिलाहरुले गाउने एकल गीत हो । कुनै बेला यो गीत महिलाहरु मिलेर गाएता पनि यसको मुख्य प्रकृति एकल नै हो । बाजा प्रयोग नहुने यो पुरै कण्ठ्यगीत हो । नारी जीवनका आन्तरिक उत्तापतको मार्मिक र भावपूर्ण वर्णन गरिएको छ । प्रत्येक २-२ वटा पङ्क्तिहरुले पूर्ण अर्थ दिएको छ भने नि है, नि है जस्ता अन्त्यानुप्रास मुक्त संयोजन र श्रृङ्गारिक रसले गर्दा उपर्युक्त गीत उत्कृष्ठ रहेको छ ।

**आ. ए पङ्खी चरी, यिनी दुःख मेरा आमासँग कहिदिएस्,**

आमाले सुन्लिन् धुरुक्कै रोलिन् चिउरी भिजाउलिन्,
नि चरा, चिउरी भिजाउलिन् ।
ए पङ्खी चरी, यिनी दुःख मेरा बाबासँग कहिदिएस्,
बाबाले सुन्लान् धुरुक्कै रोलान् गहना पिटाउलान्,
नि चरा, गहना पिटाउलान् ।
ए पङ्खी चरी, यिनी दुःख मेरा दाजुसँग कहिदिएस्,
दाजुले सुन्लान् धुरुक्कै रोलान् कपडु किनाउलान्,
नि चरा, कपडु किनाउलान् ।
ए पङ्खी चरी, यिनी दुःख मेरा भाउजूसँग नकहेस्,
नि चरा, भाउजूसँग नकहेस् ।
भाउजूले सुन्लिन् खिसिक्कै हास्लिन् पधेर्नी हसाउँलिन्,
नि चरा, पधेर्नी हसाउँलिन् ।
ए पङ्खी, यिनी दुःख मेरा मेरा भाइसँग कहिदिएस्,
भाइले सुन्ला धुरुक्कै रोला लिनलाई पठाउला,
नि चरा, लिनलाई पठाउला ।
ए पङ्खी चरी, यिनी दुःख मेरा बुहारीसँग नकहेस्,
बुहारीले सुन्लिन् खिसिक्कै हास्लिन् दाउरेनी हसाउँलिन्,
नि चरा, दाउरेनी हसाउँलिन् ।

(थापा र सुवेदीः २०४१ः १५५-५६)

संस्कृत काव्यसाहित्यमा मात्र हैन नेपाली लोकगीत क्षेत्रमा पनि चराचुरुङ्गीहरुको ममतापूर्ण र संगीसाथै सन्देश बाहक स्थान भएको पाइन्छ । हाम्रो पुरानो कालमा त झन् ठूलाठालु भलादमीहरुकामा सुगा, बट्टाई-च्याखुरा, तित्रा र मैना, परेवा र हाँस आदि पन्छीहरु पाल्ने चलन भएको बुझिन्छ । काव्य शास्त्रमा यी पन्छीहरुको प्रसंग अर्कै रमाइलो प्रकारका छन् । पन्छीहरुलाई पनि बुझिने भाषामा बातचित मार्ने, विनोदको साथी, रहस्यवोधक दूत, भविष्यवक्ता, वियोगसहारा, संयोगयोजक, युद्धको सन्देश बाहक र दूतक आदिको रुपमा परिचित र चर्चित छ । लोक साहित्यमा पनि यिनीहरुको मायालु हृदयहबाट उत्तिकै मान र सत्कार पाएको बुझिन्छ । काग कराएमा - 'शुभ बोल्' 'शुभ बोल्' भन्दे शुभ सन्देश वाहकको कल्पनाको मन आत्तुरिन्छ, हृदय छटपटिन्छ । नेपाली लोकगीतहरुमा हाम्रा दिदीबहिनीहरुले चरासँग सुखदुःख पोखेको, चरालाई दूत बनाएको, संगीसाथीरुपमा चरासँग बात मारेको र आफ्नी दुःखी रुखो कर्मलाई सरापेको आदि कुरा हामी पाउँछौं ।

प्रस्तुत गीतमा पनि ठूलो जहान-परिवार भएको कर्कश घरमा खली खाएर बसेकी छोरी आफ्ना घरका बुहार्तन र टोकोसो आदिबाट हैरान हुन पुग्दछे । फलतः ऊ आफ्नो दुःखपूर्ण गथासो पोखी दुतको रुपमा चरालाई पठाउने कल्पनामा गतिमा अभिव्यक्ति दिन्छे । घरमा भाउजू बुहारीका कर्कशापूर्ण व्यवहारबाट आजित बनेपछि यहाँ ऊ आफ्नो माइतीको कसबाट के-कस्तो स्नेह र आदर पाउँछे सो पनि निश्छलरुपले अभिव्यक्त भएको छ । भाउजू बुहारी भनेका नन्द आमाजूलाई मन नपराउने हुनाले भाउजू बुहारीलाई कुनै दुःख नकहन तर बुबा, आमा, दाजु र भाइलाई सबै कहन भनिएको छ ।

श्रृङ्गारिक रसमा लेखिएको माथिको गीत श्रुतिमाधुर्य बनेको छ ।

**इ. गैरी बारी दुबी झार लहरी लाली माई**

| | |
|---|---|
| गैरी बारी दुबी झार | लहरी लहरी माई |
| खेताला लाउने सुविदार | लहरी लाली माई |
| माले गोरु बहर | लहरी लाली माई |
| मेलो सकिनै लाग्दा | |
| लाली माईका खेताला | लहरी लाली माई |
| गडबडे मकै भुटी खाउँ | लहरी लाली माई |
| आजलाई राजै छुटिजाऊँ | लहरी लाली माई |

(वन्धुः २०५८:१७५)

प्रस्तुत गीत पूर्वी पहाडी क्षेत्रमा मकै गोड्दा गाइने ‘लहरी लाली माई’ गीत मकै बारीमा हातमा कोदाली लिएका खेतालाहरुले खेताल्नीहरुका साथमा रहेको बाउसेले मकै गोडेको मेलो मिलाउँदै जान्छ तथा गीत, भट्टयाउँदा माथिको गीत भन्ने गरिन्छ । साथै खेतालाहरु लहरी लाली माई भन्दै स्थायीलाई दोहोऱ्याउने क्रम चल्छ । प्रस्तुत गीतमा भनिएको छ, गैरी बारी सबैतिर दुबोझारले छोपी सकेको छ यसलाई गोड्न लगाउने यसै गाउँका सुबेदार हुन भन्दै अन्तमा मेलो सकिएपछि मकै भुटी खाजा खाने कुरा गर्दै सुवेदारलाई आजलाई छुट्टी पाऊँ भनेर अनुरोध गरिएको छ ।

स्थायीलाई दोहोऱ्याउने र रउसेले भट्याउने कार्यले गर्दा उक्त गीत श्रुतिमाधुर्य रहन गएको छ ।

**ई) माछै र काँढे सिउँर तिम्रो कसुले बाटेको**

निभयै, कसुले बाटेको ..........................?

माछै र काँढे सिउँर दाज्यै, आमाले बाटेको

नि दाज्यै, आमाले बाटेको ।

माछै र काँढे सिउँर भयै, आमा त जान्दिनन्- नि भयै .................

आमा काख हुर्की हामी यत्रा भयौं आमा त जान्दिनन्

नि भयै, आमा त जान्दिनन् ।

x x x

माछै र काँढे सिउँर भयै, आमा त जान्दिनन्- नि भयै .................

आमा काख हुर्की हामी यत्रा भयौं आमा त जान्दिनन्

नि भयै, आमा त जान्दिनन्

माछै र काँढे सिउँर दाज्यै, सानिमा बाटेको

नि दाज्यै, सानिमा बाटेको ।

माछै र काँढे सिउँर भयै, सानिमा जान्दिनन्, नि भयै सानिमा ..........

सानीमा काख बसी हामी यत्रा भयौं सानीमा जान्दिनन्

नि भयै, सानीमा जान्दिनन् ।

x x x

माछै र काँढे सिउँर भयै, कसुले बाटेको

नि भयै, कसुले बाटेको .......................?

माछै र काँढे सिउँर दाज्य, दिदीले बाटेको

नि दाज्यै, दिदीले बाटेको ।

माछै र काँढे सिउँर भयै, दिदी त जान्दिनन् - नि भयै ....................

दिदी काख बसी हामी यत्रा भयौं दिदी जान्दिनन् ।

नि भयै, दिदी त जान्दिनन् ।

यसरी नै अन्य परिवार-बहिनी, फुपू आदिमा समेत गीतका चरन मिलाई यसलाई अझै अगि बढ्छ ।

आखिरमा लाचारवश ऊः

मारे पनि मार दाज्यै, काटे पनि काट

साँचै र साँचै भन्दछ दाज्यै,

भाउजूले बाटेको

नि दाज्यै, भाउजूले बाटेको

माछै र काँढे सिउँर दाज्यै, भाउजूले बाटेको ।

x x x

पधेरै माथि नकाटे दाज्यै, पधेर्नी घिनाउनन्,

बाटै र मुनी नकाटे दाज्यै, खेताला घिनाउनन्,

बाटै र माथि नकाटे दाज्यै, बटुवा घिनाउलान्,

नि दाज्यै, बटुवा घिनाउलान् ।

...........................................................

...........................................................

(थापा र सुवेदीः २०१६: १५०-१५१)

प्रस्तुत जेठेगीत नेपालमा प्रजातन्त्रअगि नेपालमा जार काट्नु वैध थियो । सम्पन्न व्यक्तिले इच्छा अनुसार विवाह पनि गर्न सक्तथ्यो । कुनै पनि विवाहिताप्रति सम्बन्ध विच्छेद गर्नु बाहुन-क्षेत्रीमा मान्य थिएन । विवाहिता तरुनीसँग लसपस गर्ने, व्यभिचार सम्बन्ध राख्ने कुनै पनि व्यक्ति बैध पतिको जार मानिन्थ्यो र उसलाई काट्नु, मार्नुमा कुनै खतबात थिएन । यस्तै जारलाई मार्नु स्वाभाविक ठानिने समय ( प्रजातन्त्रपूर्व) को गीत मध्येको हो माथिको गीत । जेठे गीतलाई विभिन्न लोक साहित्यविद्हरुले जार काट्ने गीत पनि भनिएको छ । प्रस्तुत गीतमा भाइको

कोरीबाटी, सिँगार पटारदेखि दाजु भाइसँग सोध्छ, 'तिम्रो माछाको पुच्छरजस्तो गरी स्यूँदो मिलाइ छाँटी बाटेको कपाल कसको शीप हो?' दाजुको आफूप्रतिको आशंकाको आशय बुझेको भाइ सकभर वास्तविकता छिपाउने सुरले उत्तर दिन्छ । आखिर केही सीप नलागी लाचारसाथ ऊ आफ्नो माछीकाँडे सिउर भाउजूले बाटेको कुरा बताउँछ र दाजुसँग आफ्नो जोडतोड नपुग्ने - केही नलाग्ने निश्चयमा पुगी ऊ आफ्नो हार्दिकता यसरी प्रष्टयाउँछ- 'दाइ ! मलाई मार्न त मार (काट) तर मेरो अङ्गका भागद्वारा कतै कसैलाई कुनै पीर-बाधा नपर्ने गरी मार । मेरो लाश र मरणको अवस्था देखि कुनै नघिनाउन् र दुर्नाम पनि नचलोस्' भन्दै आफ्नो गल्ती स्वीकार्छ ।

कारुणिक भावमा रचिएका उक्त गीत माछै र काँढे सिउँर भन्ने अन्तरा दोहोरिएकोले गीत श्रुतिमाधुर्य भएको छ ।

उ) जेठै र मासका यति चर्का घाम जिरिया एक्लै गोड्छ्यौ नि हौ !
कहाँम गए ससुरा बाबा के हुम काम गर्छन् नि है?
घरमा बस्ने ससुरा बाबा, केकोम काम गर्थे नि है !
जेठै र मासका यति चर्का घाम एकलै जिरिया गोड् छयौ नि है
कहाँम गइन् तिमरी सासू केहुम काम गर्छिन् नि है?
खटियाँ बस्ने हामरी सासू कैलेम मेला आथिन् नि है ।
जेठै र मासका यति चर्का ......................................
कहाँम गए जेठाजु तिम्रा केहुम काम .............
सभामा बस्ने जेठाजु हाम्रा कैलेम मेला आथे नि है ।
जेठै र मासका यति चर्का .............
कहाँम गइन् जेठानी तिम्री के हुम काम ........
भान्सामा बस्ने जेठानी हाम्री कैलेम मेला आंथिन् नि है ।
जेठै र मासका यति चर्का .....................
घामले पोल्यो जिउम डढ्यो आउम शीतलु बसौं नि है ।
बाटैम हिँड्ने बटुवाले जाबाले कृम धन्दा चाहियो नि है
शीतल आयो नि शीतलु आयो, केउको छहारी आयो नि है ?
वरिपरि हेर्छु नि रुखपात छैन केउको छहारी आयो आयो नि है ?
केहुको खाजा ल्यायौ नि चेली, आउम शीतलु बसौं नि है

बाटैमा हिँड्ने बटुवाले जाबालाई केहुको धन्दा चाहियो नि है?

x x x

दुवैपाते पिपलु सारी मैले छोडेथें छहारी बस्ते भैग'छन्
पाँचै र बरिसमा बिहा गरी छोडेको समरथै चेली भैगैछन् ।
आउम चेली आउम चेली शीतल छहारी बसौं नि है
ढुटाको रोटी पिनाको पिरो खाजाम मैले ल्याएँ नि है !
पितले भाँडामा पानी है खान बज्यैले हाम्लाई पठाइन् नि है !

x x x

आउम चेली कपडु तिम्लाइ ल्याएछु मैले लगाउ है
बाटाम हिड्ने बटुवाले जाबाको केहुम कपडु लांथे नि है !
बाबाले हाम्लाई ल्यांछन् नि है

.........................................

बिहामा बाबाले दिएको औंठी लउन चेली लगाउ है
बटुवाले जाबाले दिएको औंठी कसरी हामी लगाउँ है
बाबाले दिएको बिहाको औंठी घरमा लगी देखाउ है
घरमा लगी देखाई औंठी उनले स्वामी चिनिन् नि है ।

(थापा र सुवेदीः २०१६ः १५१-१५२)

प्रस्तुत गीतमा जेठ महिनाको समयमा काम गर्ने एउटी महिलाको सानैमा विवाह भएको र दुलाहा भने विदेश गएको वर्षौपछि घर फर्कन्छ । घर फर्कदा बाटैमा अचानक जिरिया (द्यैया) गोड्दै गरेकी आप्नै बैंसालु दुलहीलाई ऊ देख्तछ, चिन्दछ पनि । तर दुलहीले आफ्नो दुलाहालाई चिन्दिन । दुवै बीचमा वार्तालापको प्रसङ्गबाट ससुरा, सासू, जेठाजू, जेठानी दिदी सबैले के के काम गर्छन् भन्दै घरको सबै हालखबर सोध्छ । खाजा खानको लागि शीतलमा आएर खान बोलाउँछ तर दुलही बाटामा हिँड्ने बटुवाले बोलाउँदमा नआउने बताउँछे । तर दुलाहले विवाहमा दिएका औंठी, कपडाका बारेमा कुरा गरेपछि आफ्नै श्रीमान् भएको निश्चित हुन पुग्छे ती बैंसालु दुलही महिला लज्जालु बन्दै त्यस परदेशी पतिरुपको युवकको गोडामा नतमस्तक हुन पुग्छे ।

**सारांश**

जेठ महिनाको चर्को घाममा अथवा अन्य महिनामा बाली गोड्दा महिलाहरुले गाइने यी गीतहरुमा महिलाहरुका दु:खका वेदना छचल्किने गरेको पाइन्छ । पीर, छटपटी, टोकोसोहरु बिर्सदै गीत गाइने यी गीतहरुमा वास्तविक गाउँका आवाज छन्, ढुकीढुकी छन् ।

**३.१.४ असारे गीत**

अ. बर्खैमा लाग्यो खोला र खोली बगेछ लेउभ्कार
पुरबै ढोका खोलेर खोलेर हेर्दा लागेछ असार !
एकै र मुरी खरको घाँस भेडीको थुमेलाई
पहिलो चरण अरुलाई हैन धर्तीको भूमेलाई ।
असार मासको चिजको वस्तु, पाकेको खोर्सानी
एक चरण असारे भनिदेऊन राजा, सम्भाउनी-बिर्साउनी ।
धान है रोप्नु छुपुमा छुपु, असार मासैमा
राजाको बेठी म कन्ने केटी, बाँच्नु छ आशमा
बाबै र ज्यूको यो गैरी खेत, पानी है छिरुवा
माथैमा लाउँ कि हातैमा वीउ छउन्जेल
छुपुमा छुपु खेत है रोपनु, हातैमा बीउ छउन्जेल
राम्रैमा लाउँला मिठैमा खाउँला, यो जीवन रहुन्जेल ।
हरियो भन्नु त्यो काँचो पात, पहेँलो बेसार
सकिने मेलो रहनै लाग्यो, बाहुली पसार ।
तीनै र सहर नेपालै ज्यान्मा, सुनको गजुर
रातै र पऱ्यो भ्क्याउँकिरी बास्यो, बिदा देऊ हजुर ।
असार मासको दोपहरे खाजा, रानीको कसार
सुनको ढोका उघारी हेर्दा गएछ असार ।

(शर्मा र लुइटेल: २०६३: १३१-१३२)

असार महिनामा गाइने र असार महिनाको वर्णन भएको गीतलाई असारे भनिन्छ । नेपाल कृषि प्रधान देश भएकाले असारको महिनाका कृषकहरु विशेष गरी खेतमा व्यस्त हुन्छन् । पहाडी खेतका गराहरुमा जोतेर हिलो पार्ने हलीहरु, कोदाली

चलाउने बाउसेहरु र एक हातमा धानका मुठा लिँदै अर्का हातले रोप्ने रोपाहारहरुको सामूहिक स्वरलहरीको असारको तत्कालिक विषय लिँदा असारे गीत जन्मन्छन् । कतै कतै रोपाइँ गर्दा पञ्चे बाजा बजाउने चलन पनि छ । तर गीत भने प्रायः सर्वत्र गाइन्छ । असारे गीतको उन्मुक्तता दही चिउरा खाने असार पन्ध्रमा हिलो छ्यापाछ्याप गरि मनाइन्छ ।

प्रस्तुत असारे गीतमा नेपाली किसानका खेतमा गुञ्जने गीत हो । यो गीत धान रोप्दा अर्थात असार महिनामा बच्चादेखि बुढाबुढीसम्म यो गीत गुनगुनाउँछन् । जब जेठ महिना समाप्त भएर असार महिना सुरु हुन्छ तब आकाशमा बादल लागि पानी पर्छ तब किसानका दिनहरु शुरु हुन्छन् । पानी परी खोला-नालामा झारपात बगाएर लान्छ तब असारमास शुरु हुन्छ अनि किसान आफ्ना देवी देउता तथा भूमि देउताको पूजा गरी रोपाइँ गर्न तर्फ लाग्छन् । बर्खा लागेपछि पहिलो चरण माटोको भूमेलाई अपर्ण गरिएको छ । असार महिनामा धान रोप्दा बेठी बजाइ रमाइलो गर्ने परम्परालाई यस गीतमा पनि वेठी बाजा बजाउन एक कन्या केटीले अनुरोध गरेकी छे । किसानकी आशाभरोसा भनेकै माटो हो, माटोकै आशामा किसान रहेको हुन्छ । मानिसको जीवन दुई दिने जिन्दगानी हो । उमेर छदैं राम्रो लगाउने, मीठो खानु पर्छ नत्र उमेर बितेमा त्यो सम्भव छैन भनिएको छ । साथै काम गर्दागर्दै सकिने मेलो पनि रहला जस्तो छ । छिटो हात चलाउन भनिएको छ । साँझ परि झ्याउँकिरी कराउने बेला भइसकेकोले खेतालाहरुलाई बिदा दिन अनुरोध गरिएको छ । साथै असारमासमा काम गर्दा गर्दै असार महिना बित्न लागेको थाहा नपाइएको कुरा व्यक्त गरिएको छ ।

असारे गीत मुख्यतः भावप्रधान हुन्छ । श्रुतिमधुर असारे गीत नेपाली लोकगीतको एउटा लोकप्रिय बान्की हो । थुमेलाई-भुमेलाई, मासैमा- आशमा, बेसार पसार जस्ता अन्त्यानुप्रासले यसलाई मिठासपूर्ण बनाएको छ । झ्याउरे लयमा लेखिएको उक्त गीत अतिनै श्रुतिमाधुर्य रहेको छ ।

आ. हिलै र लायो, धुलै र लायो, कुसुमे सारीमा,
हलीको टाउको मुसालॆ लग्यो खुर्सानी बारीमा ।
दुलाहाभन्दा मायालु नाठो हितैको परानी,
हली है राजा, खेताली रानी, बाउसे खरानी ।
गुदुमा गुदु भातै र पाक्यो तिहुन न सिरिङ्गी
कालै र गुन्युँ, कालै र चोलो, चुलै र पोत्नेलाई,
खाइलाग्दो जवान, घरैमा थिएँ के हेछ्र्यौ जोत्नेलाई ।
हलै र भाँचियो, जुवै र भाँच्यो, ढाँड क्याले जोतूँला,

सम्धी र जस्ता पाहुना आम्दा गाँड क्याले छोपूँला
हलै र भाँच्यो, जुवै र भाँच्यो, ढाँड क्याले जोतूँला,
असार मास सुत्केरी भैछ के खान्छे राँडले ।

(शर्मा र लुइँटेलः २०६३: १३२)

प्रस्तुत गीत असार महिनामा गरिने क्रियाकलापहरुको वर्णन गरिएको छ । व्यङ्ग्यप्रधान उक्त गीतमा छेडछाड, घोचपेच आदि गरिएको छ । असारे गीतमा धान रोपाँइ गर्दा पीडा, दुःख-सुःख मात्र नभएर छेडछाड र व्यङ्ग्यका असारे गीत पाइन्छ साथै मायाप्रितिका कुराहरु पनि रहन्छन् । प्रस्तुत गीतमा भने छेडछाड र व्यङ्ग्यप्रधान रहेको छ । हिलो, धुलो लागेर कुसुमे सारी महिलो भएको तथा हलीको टाउको मुसाले खोर्सानी बारीमा लगेको कुरा व्यक्त गरिएको छ । घरमा आफ्ना श्रीमान् हुँदा हुँदै परायसँग हिमचिम गरेकोमा दुःख व्यक्त गरिएको छ । साथै घरमा खाइलाग्दो जवान श्रीमान् भएको तर जोत्ने हलीलाई किन हेरेको भनेर व्यङ्ग्य गरिएको छ । असारमासको समयमा हलो जोत्ता हलो, जुवा भाँचिएको तर बाँकी रहेको ढाँड लगायत अरु खेत कसरी जोत्ने भनेर दुःख व्यक्त गरेको छ भने असार मासको त्यो मेलापात गरेर खानुपर्ने अवस्थामा सुत्केरी भएकोले के खाएर बचाउने भन्ने बारेमा चिन्ता व्यक्त भएको छ ।

प्रथम पुरुष दुष्टिविन्दु 'म' का कोणबाट रचित प्रस्तुत गीत झ्याउरे लयमा रहेको छ । सामान्य बोलचालको भाषामा लिखित उक्तगीत सरल र सहज बनेको छ भने अनुप्रास युक्त भएकोले बान्की युक्त भएको छ ।

**इ. असुरो काटी बियाड राख चाहिन्छ धानको बीउ,**
कान्ला है ताछी आलीमा लाउने, त्यो हिलो गाल्ने जीउ,
त्यो हिलो त्यसै किन है गल्थ्यो गोरुले माँडेर,
होचो है अल्को मिलाउँदै लाने बाउसेले फाँडेर ।
त्यो खेतको माटो हिसाबै गरी चाहिने रोपाहार-जीउ,
रोपाहाररानी मेलामा बसे बाँडिदेउ धानको बीउ,
धानको पाँजो हातमा लिइ रोपेको हार मिलाइ,
मध्धेनि दिनमा दोपहरे बाँडे दिउँसोको गर्मीलाई
हातको पाँजो आलीमा राखे रोपाहार रानीले,
दोपहरे खाजा आफूले लिए भुसाहा खानलाई,

असारमा रोपे धानको बीउ भदौमा गोड्नलाई,
रोपाहारैरानी सिगरेटै खोज्ने सत्यजुग छोड्नलाई ।
चुरोट मात्रै हिलो छ हात सलाइनि चाहिने,
साउनका बाढी बगाउँछ हिलो रोपाहारलाई लाग्यो घिन्
गरीबले पनि चुरोटै किन्यो, संझिँदा लाग्यो घिन्
गरीबले पनि चुरोटै किन्यो, संझिँदा लाग्यो रिन्,
सरकारको तिरो सकारै गर्न धान समेत रोपेको,
गरीबलाई समेत किनाए चुरोट कलिले छोपेको
असारको हिलो सारिमा पऱ्यो, त्यो धेरै खप्तैन,
असारमा त्यल्ले किनेको चुरोट रिन तिर्न सक्तैन ।
असारमा रोपाहार राखेर मेला बहीना लेख्तैन,
चुरोटका निम्ति लागेको रिन कसैले देख्तैन,
खानलाई देख्ता मसिनो भात भो, धान देख्ता एकैनास,
सत्यले छोड्यो, हलिले छोड्यो, दुनियाँ-सत्यानाश

(थापा: २०१६: २४५-४६)

प्रस्तुत गीतमा किसानले मङ्सिरमा दाइँ गरेर धान खमार (खलो) मा धानमा खरानीको छेको हाल्छ, यो गर्दा खोल्सा-खोल्सीमा लुकेका भूतले सह लिन सक्तैनन् रे । धानको रासको एक छेउमा कृषकले खोप्रो बनाई रातमा धान कुर्दा असारको चुहुँदो झरीमा गरेका परिश्रमलाई सम्झदै उक्त गीत गाउन सुरु गर्छ । प्रस्तुत गीतमा असारमासले झपक्कै छोपेको छ । बाउसेहरु आली लगाउने कोदाली, काँट जोत्ने फाली, हलो तान्ने गोरु, जोत्ने हली, कुनाकानी झिक्ने बाउसे, कुनैलाई कुलाको मुहानमा खटाएको छ भने कसैलाई खन्न लगाइएको छ । खेताल्नीहरुको हतारो छ । आज मुखिँयाको मेलामा जाने हो है, भात छिटो गर भन्दै छटपटाइएको, भात खाइसकी कपाल कोरेर घुम काँधमा भिरेर हाँस्दै र चल्दै गीत गाउँदै खेताल्नीहरुसँग मेलामा मिसिन पुगेको छ बाउसे । खले गहराको छेउमा स्याखुका ताँती, पुछार मै पुगिसकेको होला । आली (समा) बाट खसेका छाँगा कोहीले पानी धेरै भयो भन्दै कोहीले लत्याएको छ भने खेताल्नीहरुले बीऊको पाँचो देब्रे हातमा लिएर दाहिने हातले छुपुछुपु रोप्तै सरेको उल्लेख गरिएको छ । मध्यान्हमा खाजा खाएको, फेरी उठ भनी बाँकी मेलोतिर लाग्न आह्वान गरिएको छ । साथै गरीबीको कारण नेपाली श्रमिक किसानहरुले सरकारको तिरो तिर्न पनि हम्मे भएको उल्लेख पनि छ । बाउसेहरुलाई अझ हिलो

राम्रो नभएकाले हिलो बनाउन अघि बढ् बाउसे राजा हो भन्ने सम्बोधन गरिएको छ । साथै मेलो सकिएपछि रोपाहारहरुलाई रानीको संज्ञा दिदै मेलो अब सकियो भन्दै हली, बाउसे, ब्याडे, रोपाहारबीच हिलो छ्यापा छ्याप गरि उक्त गीत लय लगाई गाइएको छ ।

असारे गीत मुख्यतः भावप्रधान हुन्छ । श्रुतिमधुर असारे गीत नेपाली लोकगीतको एउटा लोकप्रिय बान्की हो । बीउ-जीउ, माँडेर-फाँडेर, रोपेको-छोपेको जस्ता अन्त्यानुप्रासले यसलाई मिठासपूर्ण बनाएको छ । झ्याउरे लयमा लेखिएको उक्त गीत सशक्त र श्रुतिमाधुर्य बनेको छ ।

**ई. न भित्र बोक्रो न बाहिर खोक्रो गुलियो कसार**

पूरबै ढोका खोलेर हेर्दा लागेछ असार !
असार मासको चीजको बस्तु पाकेको खुर्सानी
एक चीन् असारे भन्धौन राजै, संझाउनी बिर्साउनी !
असारलाई भनी कुटेका च्यूरा म कति साँचुँलाउ
सौताको हात दुई कुड्की भात म कति बाचुँला :
बिहानी पख झुलके घाम शीतको तपनी
नबोल्ने ज्यान्लाई बोलाइरहन्छु के रैछु म पनि :
डोलीमा चढी दोपरे बाँड्ने कप्तान्की बुहारी
हातको पाँचो आलीमा राखी आउ खेलूँ जुहारीः
जुत्ता र स्यूने सारकी दाजु फूल् भर्नँ सर्किनी,
डाँडै र काटी गएको म त मायाले फर्के निः
नेवारे दाइले पसलै थाप्यो बेतको डालीमा
हजुरलाई भनी फूल गाँसी राखेँ वैलायो आलीमाः
धोबी र धारा यो पधेरीमा म लुगा धुने छुः
झ्याकुती जयानेले फुलै र पाऱ्यो पानीको कुवैमाः
आमाले छोडिन्, बाबुले छोडे बालखु झुवैमाः
रानी र वन्का चिरुवा दाउरा फूल्जस्तो खरानी
जता म जान्छु उतै म लान्छु हितैको परानीः

घुमाइ र घुमाइ जालै बुन्ने कालो है माकुरी,
जनिम दिने ईश्वर गोसाइँ-पालने पाखुरीः
झ्यालैमा बस्ता लांखुट्टे लाग्यो, कोठामा उपीयाँ,
फरिया दिंदा जाहेरै हुन्छ, लौ कान्छी रुपियाँः
छुपुमाछुपु खेतम रोप्ने हातैमा ब्यू छन्जेलः
भलै मा खाला, भलै मा लाला, हजुरको ज्यू छन्जेलः
भ्याकुती ज्यान्ले मंगत गायो माभ्कै र असार,
अलैंची दाना म किनिधूँला वाग्लुंगे पसलः
तीनै र सहर नेपालै जयान्मा सुनको गजूर,
रातै र पऱ्यो झ्यांकिरी बास्यो बिदा द्यौ हजुर :
अगारी दाइले बान्नो म लाग्यो बर्खमा धर्किने,
तिमी त भन्छ्यौ पल्लो र मैना म कति पर्खिने :
आकाश घुम्ने गडुरपंखी जमीन घुम्ने हाँस
अर्काकी छोरी लान्छु म भन्ने कत्तिको बदमास् ।

(थापा र सुवेदी : २०१६: १४४-१४५)

प्रस्तुत गीतमा असार महिनाको समयमा धान रोप्दै गर्दा अल्छी नलागेस् धान रोप्ने रोपाहार, बाउसे गोरु धपाउने पछुवा होस् उक्त गीत युवा युवती परस्परमा छेडपेचसाथ, दुःख, बेदना, मायाप्रितिका कुरा दोहोरीका साथ मिलेर गाउने गरिन्छ । असारको शुभ आगमनमा 'पुरबै ढोका खोलेर हेर्दा लागेछ असार' भनी असार महिना लागेको कल्याणकारी सुचना दिँदै असारेगीत गाइएको छ । माथिको असारे गीतमा एउटी घरकी बुहारी जुन खेतमा आएकी छ त्यो सौताले गरेको व्यवहारबाट वाक्क भएकी र असारको यो श्रम गर्ने समयमा पनि थोरै भात दिएर काम गर्न नसकिने कुरा व्यक्त गरिएको छ । यसमा मायाप्रितिका कुरा पनि उल्लेख गरिएका छन् । एउटा युवाले रोपार्नीलाई आफू भने तिमीलाई मायालु दुष्टिकोणले बोलाइ रहन्छु तिमी भने नबोली बसेकी छौं । यस्तो नबोल्ने ज्यान नै त्यसै बोलाइ रहेको रहेछु भन्दै युवा मायाप्रितिको कुरा गर्न अनुरोध गरेको छ । रोपार्नी केटी भने सानैमा आमा बाबाले छोडे पोइको घरमा पनि सौताले देखि सहन्न भन्दै दुखेसो पोख्छे । केटाले मायाप्रितिको कुरा गरेपछि केटीलाई मेरो ज्यान छन्जेल म जता जान्छु त्यतै लगेर ज्यान पाल्ने कुरा गरिएको छ । मायाप्रितिको कुरा गरेको मान्न पनि तयार तर अर्को वर्ष मात्र जाने

भनाइबाट अब धेरै पर्खन नसकिने कुरा व्यक्त गरिएको छ । साथै धान रोप्दा रोप्दै साँझ परेको हुनाले बिदा दिन अनुरोध गरिएको छ ।

**उ. छुपु र छुपु धान रोपौं**

असारे भल काम छोपौं
टपलाई टप कोदोको बीउ
मुखिँया वा आए गरौं है ज्यू ।
मकैको गेडो खसाल्दै
अन्नको मेलो बसाल्दै ।
भरीमा कोदो रोपौं न
पलाष्टि घुम ओढौं न
बारे दाइ डुल्छ जधौमा
खेताला आए मझौमा
बोक्सी काँढाले चसचसी
पैताला मुनी छर्छरी
उकालो बाटो अँधेरी रात
थाप्लोमा नाम्लो डोकाको खात
भैंसीलाई आज घाँस छैन ।
पाकिराखेको गाँस छैन ।
बत्तीमा छैन मट्टितेल
दियालो बाली पकाउँकी सेल ।
कालेले भन्छ भोक लाग्यो ।
डल्लीले भन्दे निद लाग्यो ।
पर्खन पर्ख भन्दिउँला ।
दाँत हुनेलाई मकै खोई ?
नहुनेलाई सातु र मोइ
छिप्पिन लाग्यो रात पनि
भोलि त गैरी खेत रोप्ने हो ।

रातको भल छोप्ने हो ।
उठ्नु छ भालेको डाकमा
ननिदाउ नानी काखमा ।

प्रस्तुत गीत पूर्वी नेपालको पहाडी क्षेत्रमा असार महिनामा धान रोप्दा गाउने गीत हो । बुढाबुढीदेखि युवायुवती सबैमा अति नै लोकप्रिय उक्तगीत पर्याप्त सिचाइ सुविधा नभएको र आकासे पानीमा भर पर्नुपर्ने बाध्यतालाई यहाँ देखाइएको छ । आकासे पानीका भरमा खेती गर्नुपर्ने भएकोले वर्षाको भल छोपेर अधिकांस पाखा पखेरामा धानको गाबो लगाउनु पर्ने हुन्छ । कोदो रोप्दा सिमसिम पानी तथा धान रोप्दा भल पर्खिनु पर्ने, अवस्था देखाइएको छ । मेलो सकेर घर पुग्दा रात परी सकेको हुन्छ । घरमा आइपुग्दा न खाना, न गाइवस्तुलाई घाँस, न बत्तीमा तेल धेरै समस्याबाट पिडीत छन् नेपालका गाउँले महिलाहरु । तै पनि हडबड नगरी सबै काम सम्पन्न गरी भोली छिट्टै उठी गैरी खेत रोप्ने चाँचोपाँजो मिलाउने दृढता व्यक्त गरी त्यो रात सुतिएको छ । यस गीतमा असार महिनामा कृषक दाजुभाइ दिदीबहिनीले गर्नुपर्ने कर्तव्यहरुको उल्लेख गरिएको छ । प्रायः आठदेखि एघार अक्षरसम्मका छोटा पङक्तिहरुमा संरचित उपर्युक्त गीत अन्त्यानुप्रासयुक्तका कारण लयात्मक बन्न पुगेको छ ।

ऊ)

असार मासको हिलो हैन आली, राम्रो बेतको डाली,
किष्कन्धामा रजाइँ गर्ने उनै सुग्रिब बाली,
पूर्व ढिङ्ला फाली, पश्चिम महाकाली, त्यो उमेर
ढल्कीसक्यो नबसे है खाली, तिमी हामी बसौंला
कोठरीमा मइन् बत्ति बाली, मंसीरको दाइँ
चुरीका बाइँ, मैले भने तिमीलाई चिनेको नाइँ
कच्चा दाम गन्छयौ, तिमी भने तेतै आउ भन्छयौ,
के के दिने होर नाइँ ।
गाई भैँसीको दूध, दूधको दही, कलियुगका
आइमाईको हुँदैन है सही,
सुनलाई काट्ने सुनको मैलो, सिमराको पैऱ्हो,
देब्रे कान बैऱ्हो, तिम्रो हाम्रो माया प्रीति उहिल्यै

देखिको गैन्हो, फलामै पो काट्ने धन ।
चैत बैशाख जेठ भो, दानापानी संयोगले
आजै दिनमा भेट् भो, भन्देउ बालैपन ।
उहिल्यैदेखि तिम्रो हाम्रो बालापनको प्रीति
भन्देउ-भन्देउ बालैपन ।

(थापा: २०१६: २४७)

प्रस्तुत असारे गीत उपत्यकामा उहिल्यै सिपाहीहरुले खेतमा धान रोप्दै गरेका खेताल्नीहरुलाई जिस्काउँदै गर्दा खेतकोआलीमा बसेर भट्याइएको गीत हो । सिपाहीले यस गीतमा मायाप्रीतिको कुरा गर्दै मानिसको जुनी दुई दिने हो त्यसकारण बालकष्काल देखि लगाएको माया नटुटाउन भनिएको छ । सिपाही रोपाहारहरुलाई भन्छ यो जोवन एक्लै काट्न बहुतै गारो हुन्छ त्यसकारण बिहा गरि हाल्नु अनुरोध गर्दै खाली नबस्न भनेको छ भने अर्को कलियुगका आइमाईका भनाइ ठीक नहुने कुरा पनि बताएको छ । आइमाइका कुरा पनि विश्वास पनि नगर्ने तर बालापनाको हाम्रो त्यो सम्बन्ध अटुट राख्न पनि अनुरोध गरेको छ ऊ भन्छ बालापनको प्रीति हो भन्देऊ भनी भन्छ ।

आली-डाली, पैन्हो-बैन्हो जस्ता अनत्यानुप्रास युक्त शब्दले गीतलाई झन् सशक्त बनाएको पाइन्छ ।

ऋ) युवती : भोटेको बल अंग्रेजको कल गोर्खालीको छल
नयाँ मेञ्चनमाथि छ सुन्दरीजल
वीरशंसेर महाराज धर्म जान्ने पर्थे अलमल
माथि थिचिदियो त छललल
पूर्व पश्चिमेले किन्न जान्दैनथे पर्थे अलमल
पानी खाने कल धारो
उसै त मेरो रोइराका मन रुवाइदिने झन सारो ।
युवक : हात्तीवनको हातो जाउलाखेलको जाँतो
ठिमीटारको चिलिम, एकदेशको पातो
भोटाहिटी तमाखुलाई आगो हाल्ने रातो
तमाखुले गर्छ च्वाइँ
खसीको मासु पुछ्छ आफ्ना आँसु मैले कैलेभने नाइँ

युवती : भन्नुसम्म भन्यौ सुन्नुसम्म सुनें, मूर्छा पर्न सकिनँ
हरे राम राम बादलमाथी घाम मूर्छा पर्न सकिनँ
यस्तै रैछ कर्म ज्यानको धौले घरमा जाने भएँ पर्सि नै
अघि लागीकन हाँसिहाँसीकन जाने भएँ पर्सि नै

युवक : पोहोर यसै भन्थ्यौ ऐले यसै भन्छयौ आघौं पनि
भन्थ्यौ यै
कैले आशा गर्नु कति भरपर्नु अप्छौं पनि भन्थ्यौ यै
यही मन जस्तो त्यो मन पनि भए छोरो हुन्थ्यो बर्सिको
किन भन्छ्यौ ज्यान अझ गछ्र्यौं मान भाका राख्छयौ पर्सिको

युवक : राजाले बस्ने सुनको सिंहासनमा रानीले त बस्ने मेच
कहिल्यै पनि बिर्सिइनेछैन तिम्ले लाको जाली पेच
पर्वते ज्यानलाई डोको नाम्लो भन्छन् नेवारलाई खर्पन
हलमा हल हल्केको त्यो जोवन आर्यघाटलाई अर्पन

युवती : सालघारीभित्र त्यो सालकै पात बेलघारीमा बेलको पात,
यो लागेको माया छोड्नुपर्‍यो भने गरिदिन्छु प्रानैघात
सिपाही दाइले कबाजै खेल्यो शुक्रबारै बिहान
हिँडे यौटै बाटो बसे यौटै पाटो मरे यौटै चिहान

युवती : थैलो र भरी पैसा सरबरी
अब घरीघरी वर्षा लाग्छ भरी
मर्ने मर्ने भन्छन् मर्ने किन हुन्थ्यो पवन जाने सरी
टुँडीखेलको छेउमा ठूलो घंटाघरी बज्छ ट्याङट्याङ् गरी
कसले लाउँछ परी पैसा छानीबरी हारै लाइलाइ गनेर
डोकाको काम्रो अब तिम्रो हाम्रो माया लाइदिउँ भनेर

युवक : कसकी हौ छोरी कसकी बुहारी
गर्दैन पुँडो सारी, पर्नुपर्‍यो जारी
हाम्रा बाजे थिए बडा अक्किलदारी
पाँग्रे कुकुर नारी जोत्थे गैह्रीबारी
बिरानाका घोडा चढी गर्थे वरिपरि
तिमीलाई लाँदाखेरि उठ्ला महामारी

आफ्नो इज्जत संझी पीर लाग्छ भारी
मेरो घर यहाँ तिम्रो घर कहाँ कल्ले लाने- ल्याउने हो?
ढुङ्गाको सिली तिमी हामी मिली कस्तो माया लाउने हो?

युवती : त्यो बालाज्यूको चारकुने ढुङ्गो खनिद्यूँला खन्तीले
तिमी र हामी ब्यौलाब्यौली हुँदा दुःख पाउलान् जन्तीले
यौटा घर साँगा यौटा घर नाला यौटा घर त टोखैमा
तिम्रो र हाम्रो भेट हुनलाई अब जेमराजको ढोकैमा

युवक : भोट र गएँ मधेश र गएँ पुगीकन आएँ चीन
सानो माया तिम्लाई देख्न नपाँदामा छ मैनाको यौटै दिन
टिपौं टिपिंदैन, भाँचौं भाँचिंदैन नौ सेराको बेली - जाई
माहुरी मारी पछितो होला पर्ख मोरी ! तिमीलाई ..........

(थापा र सुवेदीः २०४१: १४६-१४७)

प्रस्तुत असारे दोहोरी गीत काठमाडौं उपत्यकामा असारको समयमा गाइने दोहोरी असारे गीत भनी धर्मराज थापा र हंसपुरे सुवेदी नेपाली लोक साहित्यको विवेचना (२०४१: १४६-१४७) उल्लेख गरेका छन् । असारे गीतहरु आ-आफ्नै प्रकारका हुन्छन् । ती गीतहरुमा मध्य र सुदूर पश्चिमाञ्चल भेकतर्फ भाका र राग मिल्दैन । फेरी काठमाडौं उपत्यकामा गाइने असारेगीत आफ्नो तालढालमा मिली लयबद्ध भएका पाइन्छन् । यी गीतहरुको गायनकला ज्यादा लेग्रो तानेर गीतको पहिलो फाँकी झिकेपछि बीचमा अनुप्रासका टुक्काहरु मिलाई अनिमात्र अन्तिम टुप्पो गाँसी गीतलाई तुर्ने चलन छ । अनि बीच-बीचमा लामो लेग्रो तानी भट्याउने र थेगो मारेर कानमा हात राखी तीखो स्वरमा भाका झिक्ने क्रियालाई काठमाडौं उपत्यकाअन्तर्गका असारेगीतको आफ्नो विशेषता बताइएको छ । उपत्यकामा गाइने गीतलाई पश्चिममा 'काँठेभाका' भन्ने चलन छ र उपत्यकामा यसलाई 'रसिया' भन्ने गरेको सुनिन्छ । जेहोस यी गीतमा प्रशस्त दोहरी चल्दछ । घतिलो भनाभन हुन्छ अनि यही हृदय छुने दोहोरीगीतको ठोकानले गरी असारताका काठमाडौं छेउछाउलाई उहिल्यै निकै रमझम र गमक्क पार्दथ्यो, डाँडा-काँडा उपत्यकाका मान्छेलाई सडक-सडकमा एकत्रिक गराएको, गाएको सुनको देख्न पाइन्थ्यो । (थापा र सुवेदीः २०१६: १४६-१४७)

प्रस्तुत दोहोरी असारे गतिमा असारको समयमा उमेर पुगेका दौंतरीहरु आफूभित्र गुम्सेर रहेका मनका वह दोहोरी भाकामा साटा-साट गर्ने गरेको पाइन्छ । श्रम गर्दै आफू थकित भएपनि त्यो थकानलाई क मगर्न विभिन्न छेडछाड, व्यङ्ग्य तथा मायाप्रीतिका कुरा गर्न गीतहरु गाउने गरिन्छ । प्रस्तुत गीतमा पनि मायाप्रीतिकै

बाहुल्यता छ । राणाकालीन समयमा वीरशम्सेरले धार्मिक भावनाले गर्दा पानी कल राखिदिएको उल्लेख गर्दै धर्मावलम्बी बन्न युवतीले आग्रह गरेकी छे भनी युवकले आफूभित्र धेरै पीर वेदना रहेको तरयो बुझ्ने कोही नभएको कुरा व्यक्ति गरेको छ । साथै युवतीले हाँसी हाँसी घर जाने भएँ भन्दा पोहोर सालपनि यसै भन्थ्यौ अहिले पनि यसै भन्छ्यौ मैले आशा गर्न छाडी दिए भन्दै मेरो मन जस्तै त्यो भैदिएको भए अहिले बर्सिको छोरो हुने कुरा बताएको छ । युवक भन्छ पर्वतेलाई डोको नाम्लो, नेवारलाई खर्पन हाम्रो जोवन दुई दिने हो आर्यघाटमा अर्पण हुने ज्यान हो भन्दै जाली पेच नलगाउन भनेको छ । युवती आफूलेले लगाएको माया अजम्बरी छ, छोड्नु पऱ्यो भने प्राण नै त्याग गर्ने कुरा गर्दै हामी दुवै जहाँ गए पनि संगै मर्नैपरे एकै चिहान हुन कुरा गरिएको छ । प्रस्तुत असारे दोहोरी गीतमा ।

प्रस्तुत दोहोरी असारे गीतले आफ्ना पूर्खा वडा बुद्धिमानी रहेका र तिमीलाई लैजदाँ धेरै ठूलो खटपट पर्न सक्ने इगिंत गर्दै आफ्नो पूर्खाले बनाएको इमान जमान सम्झिएर पीर लाग्ने कुरा बताएको छ । साथै युवती भन्छे आफ्नो बाबुको साँगा, नाला, टोखा घर भएको हुनाले हामी दुईको यमराजको ढोकामा मात्र भेट हुने बताएकी छे । युवक भन्छ भोट, मधेश तथा चीन पुगेर आए तर कहीपनि अडिन सकिन भन्दै एकदिन पनि देख्न नपाउँदा वर्षौ जस्तो लाग्ने कुरा बताएर तत्कालीन समयमा युवायुवतीका मायाप्रीति कुरा उक्त गीतमा उल्लेख गरिएको छ । अन्त्यानुप्रास युक्त शब्दले माथिको दोहोरी गीत सशक्त बनेको छ ।

**सारांश**

असारे गीत नेपाली कसान दाजुभाइ दिदीबहिनीहरुले वर्ष दिनलाई खान पुग्नेगरी असारमासमा मानो रोपेर मुरी फलाउने समय हो । यो मास झरी बादल, घाम, हिलोको समय काम गर्दा दुःख त अवश्य पर्दछ । त्यसैले आफ्नो दुखाई बिर्सनका लागि असारे गीत नेपाली खेतमा गुञ्जन थाल्छ र त्यही गीतको माध्यमबाट नेपाली लोकगीतको संरक्षण भएको छ । साथै युवायुवती बीचमा प्रेमका प्रसङ्ग पनि असारे गीतमा रहेको पाइन्छ । यस्ता गीतले काममा रुची जगाउँछ भने सामुहिकतामा काम गर्ने भावनाको विकास हुन्छ । जे होस् किसानका लागि असार महिना महत्त्वपूर्ण समय हो ।

## ३.१.५ लल्लोरी वा निँदरी गीत

क) छुपु छुपु तेल

बाबु जनरेल

दमाई घर बाजा

मामा घर सेल

ख) नचाउँदा :

बाङ्गी बाङ्गी खुट्टीले

सिन्की खादौंला

लैजाऊ बाबै तिम्रो भोटो

नाङ्गै नाचौंला

ग) केटाकेटी सुताउँदा

चुनु गर नानी चुनु गर

नानीलाई चाचा कल्ले लगाइदेला

नानीलाई बुबु कल्ले खुवाइदेला

नानीलाई थई थई कल्ले नचाइदेला

घ) केटाकेटी नचाउँदा

नाच्यो नानी नाच्यो नानी

थई थई हत्केलामा नाच्यो नानी

थैया बाबु शैया बाबु

आँगनीको वरिपरि नाच्यो बाबु

(बन्धु: २०५८: १७४-१७५)

प्रस्तुत लल्लोरी वा निँदरी गीत साना साना नानीहरुलाई खेलाउँदा र सुताउँदा आमा, दिदी वा अरु धरालेहरुले कोका वा झोलुङ्गामा हाली झोलुङ्गो हल्लाउँदा अथवा बिच्छ्याउनामा सुताउँदा गाउने गीतलाई लल्लोरी वा निँदरी गीत भनिन्छ । साना साना नानीहरुलाई सुहाउँदा खेलाउँदा र नचाउँदा शारीरिक श्रम लाग्ने भएकाले यसलाई श्रमगीत सम्बन्धी लोकगीतमै राखिएको छ । प्रस्तुत गीतमध्ये पहिलो गीतमा साना केटाकेटीलाई तेल लगाउँदा फकाउँदै गीत गाएर तेल लगाइएको छ । छुपुछुपु तेल लगाउँदै रमाइलो मान्ने र तेल लगाउन दिने भएकोले सो गीत गाइएको छ । त्यसै गरी दोस्रोमा नचाउँदा, तेस्रोमा सुताउँदा र चौथोमा नचाउँदा गाइएका गतिमा केटाकेटीहरुलाई गीत गाउँदै गीतमा भुल्याउदै सुताउने, खुवाउने कार्य गर्न सकिने भएकोले यी गीत प्रायः नेपाली घर आँगनमा निदँरी वा लल्लोरी गीत गाइन्छ ।

यी गीतहरु चाचा, बाजा, मोटो, बुबु कल्ले खुवाउँला, चाचा कस्ले ल्याइदेला भन्दै केटाकेटीलाई सुताउने परम्परा नेपाली समाजमा अद्यापी जीवन्त स्वरुप प्रदान गर्ने काम उल्लिखित गीतहरुले गरेका छन् ।

**सारांश**

वास्तवमा स-साना नानी हेर्नलाई श्रमको आवश्यकता पर्दछ । केटाकेटी सुताउँदा, तेल लगाउँदा, हिँडाउँदा, सुताउँदा, खेलाउँदा र नचाउँदा श्रम चाहिन्छ । यस्ता गीतले स-साना नानीहरुले सुन्दा आनन्द मान्दै निदाउने वा चुप लागेर बस्ने भएकोले यी गीहरुको महत्त्व बढ्न गएको छ ।

# परिच्छेद चार

# सारांश र निष्कर्ष

नेपाल एक बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिकले गर्दा यहाँ लोकगीतहरु प्रशस्तैमात्र छन् । साथै कृषिप्रधान देश नेपालमा धेरै मात्रमा प्रचलित श्रमगीत सम्बन्धी लोकगीतहरुको अध्ययनसँग सम्बन्धित प्रस्तुत अध्ययन पत्र स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो । चार परिच्छेदमा विभक्त यस अध्ययन पत्रमा नेपालका पूर्वी तथा पश्चिम क्षेत्रमा प्रचलित रहेका विभिन्न श्रमसम्बन्धी लोकगीतहरुको सङ्कलन गरी तिनको वस्तुसङ्गत सैद्धान्तिक विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास भएको छ ।

विभिन्न लोक साहित्य, लोकगीतका अध्येता, विद्वान तथा अनुसन्धान दाताहरुले विभिन्न तरिकाबाट चिनाउने प्रयास गरे तापनि तिनीहरुका बीचमा मतैक्य देखिदैंन । यसबाट लोकगीत स्थान, भूगोल र व्यक्तिपिच्छे विशेषमा फरकफरक ढङ्गबाट प्रचलनमा रहन्छ भन्ने बुझिन्छ । वास्तवमा लोकगीत भनेको विभिन्न भाषा-भाषी, जनसमूदायहरुको अन्तरर्हृदयबाट प्रस्फुटित मनका भावनाहरु हुन जुन यगौंसम्म जीवन्त रहिरहन्छ ।

नेपाल एक हिमाली, पहाडी मूलुक हो । यस देशका जनतामा जातीय विविधता छ । सांस्कृतिक विविधता पनि छ । त्यसकारण यहाँ वर्षका ३६५ दिनमा कुनै न कुनै दिन विभिन्न जातजातिका मेला, पर्व, चाड परेकै हुन्छ । ती मेला, पर्व, जात्रामा आफ्ना जातीय पहिचान बोकेका लोकभावना कहिले रोदीघर त कहिले सँगिनी भएर गलाबाट अभिव्यक्त हुन्छ अनि छमछमी नाच्दै युवायुवतीहरु मायाप्रितिका कुराहरु गीतका माध्यमबाट अभिव्यक्त गर्छन् । यहाँका विभिन्न भाषा-भाषी तथा जात जातिहरुले आफ्ना चाडपर्वमा विभिन्न गीत, नृत्यका माध्यमबाट नेपाली लोकगीतलाई समृद्ध बनाएका छन् । नेपाली गाउँघरमा खास गरेर मेलापात, चाडपर्व, धर्मकर्म र विभिन्न संस्कारहरु गर्दाका अवसरमा गीत गाउने प्रचलन छ । यहाँका लोकगीतहरु रत्यौली, सँगिनी, देउडा, शिशुगीत, सेलो, आसिक, घाँसे, हाक्पारे, मात्राल, भैलो, देउसी, मालसिरी, असारे, दाइँ, मारुनी, गौरा, भजन, कीर्तन, होरी (फागु, तिजे, जेठे ( गोडेलो), झ्याउरे, धाननाच, टुङ्ना, शिशुगीत, ख्याली, फागजस्ता अनेकौं गीतहरु प्रचलित छन् । यी गीतहरुका धर्म, संस्कृति, संस्कार, मेलापात, प्रेमप्रणय, आदि कुराहरुको प्रतिनिधित्व गरेका छन् । उकाली, ओराली, भारी बोक्दा, गाईवस्तु चराउँदा, वनजङ्गल जाँदा, दाउरा घाँस, पानीपँधेरो गर्दा, बाली लगाउँदा, गोड्दा र भित्र्याउँदा यस्ता गतिहरु गुञ्जने गर्दछन् । झ्याउरे लयमा रहेका लोकगीतहरु प्रायः नेपाली

भाषामै गाउने गरिन्छ भने भजनकीर्तन र मालसिरी गीतहरु चाहिँ हिन्दी तथा संस्कृत भाषाका शब्दहरु मिसिएका छन् । समग्रमा हेर्दा नेपाली लोकगीतहरु जन-जीवनका कथा-व्यथा, संस्कार, परिवेश, संस्कृति, धर्म तथा परम्परा आदि कुराहरुलाई समेट्न सफल देखिन्छन् ।

## सन्दर्भ सूची

आचार्य, गोविन्द २०६२, **लोकगीतको विश्लेषण, काठमाडौं: पैरवी प्रकाशन ।**

खतिवडा, केवलराम, २०६७, **ओखलढुङ्गा जिल्लामा प्रचलित लोकगीतहरुको सङ्कलन तथा विश्लेषण,** त्रि.वि. एम.ए अध्ययनपत्र ।

जोशी, सत्यमोहन, २०१२ **नेपाली लोकगीतः एक अध्ययन**, ललितपुरः सत्य साहित्य सदन।

थापा, धर्मराज, **मेरो नेपाल भ्रमण** (**२०१६**), पोखरा, सावित्री थापा

थापा, धर्मराज र सुवेदी, हंसपुरे २०४१, **नेपाली लोक साहित्यको विवेचना**, काठमाडौंः । पाठ्यक्रम विकास केन्द्र त्रि.वि.

पराजुली कृष्णप्रसाद २०५७, **नेपाली लोक साहित्यको आलोक,** काठमाडौंः वीणा प्रकाशन ।

बन्धु, चुडामणि २०५८, **नेपाली लोक साहित्य,** एकता प्रकाशन

रिमाल, प्रदीप, २०२८, **कर्णाली लोकसंस्कृतिः खण्ड र साहित्य, संस्कृति र कला**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, प्रा. मोहनराज र लुइँटेल, डा. खगेन्द्रप्रसाद २०६३, **लोकवार्ताविज्ञान र लोक साहित्य**, भोटाहिटी, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार